जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

यौन दुराचारी जहाँ पनि हुन सक्छन्, त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं, आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ • अंक १९६ • २०७९ साल मंसिर २५ गते आइतबार (11 December, Sunday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

## चिनी मिलसँग क्षतिपूर्ति माग

**टुडे समाचारदाता**

वीरगञ्ज । समय नै नपुगी उखु सुक्न थालेपछि बाराका किसान आन्दोलित भएका छन् । उनीहरुले शनिबार मटिअर्वा सडकखण्ड एक घण्टा अवरुद्ध पारेका थिए ।

सो क्रममा श्रीपुरघाट चोकमा सडकमै सुकेको उखु जलाएर उनीहरुले प्रदर्शन गरेका थिए । दिउँसो साढे १ बजेदेखि साढे २ बजेसम्म सडक अवरुद्ध पारेर प्रदर्शन गरिएको उखु किसानले बताए । रिलायन्स सुगर मिल र उखु उत्पादक संघले मिलेर गुणस्तरहीन बीउ दिएका कारण आफूहरु समस्यामा परेको उनीहरुले आरोप लगाएका छन् ।

उद्योग र किसान संघका प्रतिनिधिहरुसँग छलफल गर्न खोज्दा उनीहरु लुकेर बसेकाले बाध्य भएर सडकमा चक्काजाम गरेको किसानहरुले बताए । प्रदर्शनमा सहभागी किसान शशिकान्त यादवले भारत सरकारले प्रतिबन्ध लगाएको उखु दबाब दिएर किसानलाई रोप्न लगाउँदा नोक्सानी भएको गुनासो गरे ।

### प्रतिनिधिसभा समानुपातिकतर्फ २१ मधेशी

# भाञ्जीको कोटामा निधि, पतिलाई कारबाही, पत्नी सांसद

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय राजनीतिक दलको मान्यता प्राप्त ७ पार्टीले शनिवार निर्वाचन आयोगमा बुझाएको प्रतिनिधि सभा सदस्यहरुको समानुपातिक १ सय १० सदस्यको सूचीमा २१ जना मधेशी परेका छन् । त्यसमध्ये अधिकांश महिला छन् ।

प्रतिनिधि सभामा प्रत्यक्षतर्फ १ सय ६५ र समानुपातिकतर्फ १ सय १० सिट रहेको छ । निर्वाचन आयोगले दलहरुलाई शनिवारसम्म समानुपातिक सदस्यहरुको सूची बुझाउन समय सीमा निर्धारण गरेको थियो ।

दलहरुले बुझाएको सूचीमा मधेशीलाई मधेशी कोटा बाहेक दलित, आदिवासी जनजातीमा समावेश गरिएको छैन् । आदिवासी, जनजाती र दलितमा मधेशका आदिवासी, जनजाती, दलितहरु परेका छैनन् ।

नेपाली कांग्रेसका पूर्व उपसभापति समेत रहेका विमलेन्द्र निधि मधेशी कोटाबाट समानुपातिक सदस्यमा सिफारिस भएका छन् । निधिलाई समानुपातिकमा समावेश गर्दा प्रधानमन्त्री समेत रहेका पार्टी सभापति शेरबहादुर देउवाले आफ्ना अत्यन्त विश्वासपात्र गोपालमान श्रेष्ठलाई सूचीबाट हटाउनु परेको हो । तर निधिलाई समावेश मधेशी कोटाबाट गरिए पनि महिला कोटामा रहेकी उनकी भाञ्जी निनु कर्णलाई देउवाले हटाएका छन् । उनी महिलाकोटाबाट सांसद बन्ने निश्चित थियो ।

नेपाली कांग्रेसको ३२ जना समानुपातिकमा ५ जना मधेशी मात्र समावेश हुने अवसर पाएका छन् । कांग्रेसले पनि दलित, आदिवासी, जनजातीमा मधेशीलाई समावेश गरेको छैन् ।

कांग्रेसबाट मधेशी कोटामा विमलेन्द्र निधि, नगिना यादव, मुक्ताकुमारी यादव, चन्दा चौधरी र संगीता मण्डल सिफारिसमा परेका छन् । त्यसै गरी मुसलमान कोटामा जावेद खातुन महिलालाई राखिएको छ ।

त्यसै गरी नेकपा एमालेले पनि मधेशी कोटामा ५ जना मधेशीलाई मात्र समावेश गरेको छ । मधेशी कोटाबाट १ जना पुरुष गंगाप्रसाद यादवलाई र ४ जना महिलामा अमृत राजवंशी, विना देवी, अमृतादेवी अग्रहरी र प्रतिक्षा तिवारी मुखियालाई राखिएको छ । एमालेपनि मधेशका आदिवासी, जनजाती, दलितलाई कोटामा राखेको छैन् । मधेशका आदिवासी, जनजाती र दलितलाई एमालेले पनि पूर्ण रुपमा उपेक्षा गरेको छ । एमालेले मुसलमान कोटामा सराज अहमद फारुखीलाई राखेको छ । एमालेले प्रतिनिधि सभा समानुपातिकमा मधेशप्रति अनुदार देखिएको छ। एमालेले दलित, आदिवासी, जनजातीकोटामा पनि मधेशका आदिवासी, जनजाती, दलितलाई समावेश गर्ने अपेक्षा गरिएको थियो । माओवादी केन्द्रले प्रतिनिधिसभा सदस्यका लागि गरेको सिफारिसमा मधेशी कोटाबाट २ जना महिलालाई मात्र सिफारिस गरेको छ । माओवादीले मधेशी पुरुषलाई समावेश गरेको छैन् । माओवादीको कोटामा मिना यादव र उमरावती देवी यादव सांसद बनेका छन् । मिना देवी सर्लाही जिल्ला निर्वाचन क्षेत्र नम्बर ४ का नेता शिवपुजन यादवकी पत्नी हुन् । शिवपुजनकी छोरी प्रतिनिधि सभामा सो क्षेत्रबाट स्वतन्त्र भएर चुनाव लडेकी थिइन् । रामनगर गाउँपालिकाको अध्यक्षमा यादवका छोरा राजाबाबु यादव माओवादीबाट निर्वाचित भएका हुन् । मधेशी कोटामा माओवादीले कल्पना मियाँलाई समावेश गरेको छ ।

> *माओवादी केन्द्रले प्रतिनिधि सभा सदस्यका लागि गरेको सिफारिसमा मधेशी कोटाबाट २ जना महिलालाई मात्र सिफारिस गरेको छ । माओवादीले मधेशी पुरुषलाई समावेश गरेको छैन् । माओवादीको कोटामा मिना यादव र उमरावती देवी यादव सांसद बनेका छन् । मिना देवी सर्लाही जिल्ला निर्वाचन क्षेत्र नम्बर ४ का नेता शिवपुजन यादवकी पत्नी हुन् । शिवपुजनकी छोरी प्रतिनिधि सभामा सो क्षेत्रबाट स्वतन्त्र भएर चुनाव लडेकी थिइन् । रामनगर गाउँपालिकाको अध्यक्षमा यादवका छोरा राजाबाबु यादव माओवादीबाट निर्वाचित भएका हुन् । मधेशी कोटामा माओवादीले कल्पना मियाँलाई समावेश गरेको छ ।*

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट १ जना बिना जयसवाल मात्र मधेशी कोटामा परेकी छन् । राप्रपाले प्रतिनिधि सभामा समानुपातिकतर्फ ७ स्थान प्राप्त गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले मधेशी कोटामा १ जना महिला लक्ष्मी तिवारी र १ जना पुरुषमा मनिष झालाई समावेश गरेको छ । रास्वपाले पनि दलित, आदिवासी, जनजातीमा मधेशीलाई स्थान दिएको छैन् ।

अशिम शाह रास्वपाको मुसलमान कोटामा परेका छन् । जनता समाजवादी पार्टी (जसपा) ले पाएको ५ स्थान मध्ये २ जना मधेशी महिलालाई मात्र स्थान दिएको छ । जसपाबाट १ जना पुरुष मुसलमान प्रतिनिधि सभाका सदस्य हुने भएका छन् । जसपाले पनि आदिवासी जनजाती र दलितबाट मधेशीलाई समावेश गरेको छैन् ।

जसपाबाट प्रतिनिधि सभा सदस्य हुने २ जना भाग्यमानी महिलामा रञ्जु झा (ठाकुर) र रेखा थापा यादव रहेका छन् । खसआर्यबाट प्रकाश अधिकारी र आदिवासी, जनजातीबाट सुशीला श्रेष्ठ परेकी छन् । श्रेष्ठ अशोक राईकी पत्नी हुन् । राई प्रत्यक्षमा निर्वाचित भएका छन् । जसपाले मुसलमान कोटामा सहनाज रहमानलाई समावेश गरेको छ ।

जनमत पार्टीले मधेशी कोटामा अनिता साह, बसन्तकुमार कुशवाहा, सोनु मुर्मर र बिनिता कुमारी सिंहलाई समावेश गरेको छ । समानुपातिकतर्फ जसपा जतिकै ५ सिट प्राप्त गरेको जनमत पार्टीले आदिवासी, जनजाती र दलितमा पनि मधेशीलाई नै समावेश गरेको छ । जनमतले भने मुसलमानलाई स्थान दिएको छैन् ।

प्रतिनिधिसभा सदस्यका लागि दलहरुले समानुपातिकतर्फको नाम टुंग्याए पनि प्रदेश सभाका लागि अबेर रातिसम्म सकस नै देखिएको छ । प्रतिनिधिसभाका लागि राप्रपा, कांग्रेसमा घमासान नै भएको थियो । राप्रपामा बुद्धिमान तमांगलाई राख्ने अथवा प्रकाशचन्द्र लोहनीलाई राख्ने विषयमा गंभीर विवाद भएको थियो ।

कांग्रेसमा भने दुई जना पूर्व उपसभापति निधि र श्रेष्ठ मध्ये एकजनालाई छनोट गर्न विवाद भएको थियो । अन्तिम चरणमा सभापति देउवाले निधिकी भाञ्जी निनु कर्णलाई हटाएर निधिको नाम समावेश गरे । पुरुषमा निधिको नाम समावेश भएपछि आदिवासी जनजातीको कोटामा १ नम्बरमा नाम रहेको श्रेष्ठ भने प्रतिनिधि सभामा पुग्न नसक्ने भए ।

निर्वाचन आयोगले दलहरुलाई नाम सच्चयाउन फेरि समय थप गर्नेछ । कल्स्टर अनुकूल नाम नमिलेको भए दलहरुलाई आयोगले फेरि सच्याएर नाम पठाउन पत्राचार गर्न सक्छ । दलहरुले चाहे आयोगको निर्देशिका भित्र रहेर नाम सच्चयाउन सक्नेछ । राप्रपामा विवाद नथामिए तमांगको स्थानमा लोहनीको नाम पर्न सक्ने नेताहरुले बताएका छन् ।






# 'हिंसालाई निरुत्साही गर्नुपर्छ'

**सिकेन्द्र पासवान**

कलैया । सभ्य समाजको निर्माण, लैंगिक हिंसा विरुद्धको अभियान भन्ने मूल नाराका साथ महिला हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत मानव अधिकार रक्षकको अवस्था तथा सवालमा सरोकारवालाहरुको भूमिका विषयक कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

कार्यक्रममा निर्वाचन क्षेत्र नम्बर ३ का संघीय सांसद ज्वाला कुमारी साहले कुनै प्रकारको हिंसा सह्य नहुने बताएकी छन् ।




विभिन्न बहानामा महिला तथा बालबालिकाहरु माथि हुने गरेको हिंसाहरुलाई गाउँघरमा नै दबाएर राख्ने गरेको हुँदा महिला तथा बालबालिकाहरुको क्षेत्रमा काम गर्ने अधिकारकर्मीहरुले सजक र सचेत हुनुपर्ने धारणा व्यक्त गरिन ।

त्यस्ता मुद्दाहरुलाई सम्बन्धित ठाउँसम्म ल्याउनलाई आग्रह समेत गरेकी थिइन ।राजनीतिक आवरणमा कोही कसैले हिंसा पीडितलाई दबाउन खोजे त्यसको प्रतिकारमा अधिकारकर्मीहरु लाग्नुपर्ने उनीले सुझाव दिइन ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायव उपरीक्षक राजेश थापाले हिंसामा परेका व्यक्तिहरुलाई न्याय दिलाउने काममा बिचलित नभई अगाडि बढेको बताए ।

यसैबीच जिल्ला प्रहरी कार्यालयबाट प्रहरी, समाजिक संघसंस्थाका प्रतिनिधि, मानव अधिकारकर्मी सहितको संयुक्त आयोजनामा र्‍याली निकाली नगरको विभिन्न भागमा परिक्रमा पश्चात भरत चोकमा कोणसभामा परिणत भएको थियो ।

# श्रीमतीको नाम सिफारिसपछि पार्टी अध्यक्ष विवादमा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा समानुपातिकतर्फ एक सिट पाएको नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष रिजवान अन्सारीले आफ्नै श्रीमतीलाई सिफारिस गरेपछि विवादमा तानिएका छन् ।

पूर्व राज्यमन्त्रीसमेत रहेका अन्सारीले मधेश प्रदेशसभा सदस्यका लागि श्रीमती विमला अन्सारीको नाम निर्वाचन आयोगलाई पठाएका छन् ।

श्रीमतीको नाम सिफारिस गरेर पार्टी अध्यक्ष अन्सारीले आफूमाथि अन्याय गरेको मधेशी कलस्टरका समानुपातिक उम्मेदवार कमलेश्वर प्रसाद साहले गुनासो गरेका छन् ।

साह सर्लाहीको कविलासी नगरपालिका ७ का बासिन्दा छन् । आफ्नो नाम सिफारिस नगरेको थाहा पाए लगत्तै उनी काठमाण्डु गएर निर्वाचन आयोगमा निवेदन दर्ता गराएका छन् ।

साहले शनिबार काठमाण्डुस्थित पत्रकार सम्मेलन गरी न्यायका लागि गुहार मागे । उनले निर्वाचन आयोगले कानून बमोजिम न्याय नदिए आत्महत्या गर्ने चेतावनीसमेत दिए ।

# तीन पसलमा चोरी

**टुडे समाचारदाता**

बर्दिवास । शुक्रबार राति महोत्तरीको बर्दिवासमा तीन वटा पसलमा चोरी भएको छ ।

बर्दिवासस्थित पन्चधुरा मसाला मिल तथा महादेव जेनरल किराना पसल, खड्का सप्लायर्स कोल्ड र आराध्य अटो मोटर पार्टस एण्ड सर्भिसेज सेन्टरबाट चोरी भएको छ ।



इलाका प्रहरी कार्यालयका अनुसार खड्का सप्लायर्स कोल्ड स्टोरबाट सामान र नगद गरी झण्डै ७० हजार, पन्चधुरा मसाला मिल तथा महादेव जेनेरल स्टोरवाट सामान र नगद गरी झण्डै एक लाख बराबरको सामान चोरी भएको छ ।

त्यसैगरी आराध्या मोटर पार्टसबाट सामान र नगद गरी दुई हजार बराबरको चोरी भएको उक्त मोटर पार्टसका संचालक बिक्रम थापाले जानकारी दिए ।

आराध्य मोटर पार्टस र खड्का सप्लायर्स कोल्ड स्टोरसँगै जोडिएका छन् । खड्का सप्ल्यार्स कोल्ड स्टोरमा पुग्न आराध्या मोटर पार्टसको सटर प्रयोग गरेको पाइएको छ ।

आराध्या मोटर पार्टसबाट मान्छे छिर्न सक्ने प्वाल बनाएर पसलमा चोरी गरेको खड्का सप्ल्यार्स कोल्ड स्टोरका संचालक सुरज खड्काले बताए । प्रहरीले शंका लागेका केहीलाई निगरानी बढाएको छ ।

प्रहरीको अनुसार पन्चधुरा मसला मिल तथा महादेव जेनरल किराना पसलको छानोको जस्ता उखालेर चोरभित्र पसेको देखिएको छ ।

# रक्तदान कार्यक्रम

**टुडे समाचारदाता**

पर्सा । ग्लोबल विजनेश क्लेजमा अध्ययनरत वीवीएसका




विद्यार्थीहरुको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । जाडोको मौसममा चिसो बढेसंगै हुने रगत अभावलाई परिपूर्ति गर्नका लागि आयोजना गरिएको रक्तदान कार्यक्रममा २० महिला सहित एक सय ३१ जनाले रक्तदान गरेका छन् ।

वीरगञ्जको ओम आश्रम नजिकै श्रीपुरस्थित रहेको ग्लोबल विजनेश क्लेज परिसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा क्लेजका ११, १२, वीवीएस प्रथम वर्ष र दोश्रो वर्षका विद्यार्थीहरुले रक्तदान गरेका थिए ।

रक्तदान कार्यक्रममा कलेजका सञ्चालक श्रीराम दास, ओम प्रकास श्रेष्ठ र अशोक सरार्फले रक्तदान गरी कार्यक्रमको उद्घाटन गरेका थिए ।

कार्यक्रममा सिमरण सिंह, विजया ओझैया, सुरभि वर्णवाल, गुडिया वर्णवाल, पूजा गुप्ता, अनु ठाकुर, सरिता मेहता, तेरु नेसा खातुन, आरती वर्णवाल, श्रेया सिह, मुनि महतो, नोमि मिश्र, राखि कर्ण, निरुता मुखिया, सुनिता कुमारी लगायत २० महिलासहित १ सय ३१ जनाले रक्तदान गरेका थिए ।

# अशक्तलाई न्यानो कपडा

**टुडे समाचारदाता**

राजविराज । शारीरिक रुपमा अशक्त भइ कष्टकर जीवन बिताउन बाध्य ३५ जनालाई शनिवार न्यानो कपडा वितरण गरिएको छ ।

राजविराज-७ का व्यवसायी एवम् समाजसेवी सुभाष भन्साली र उनका परिवारजनले आफ्नै प्रतिष्ठान अगाडि एक कार्यक्रमको आयोजना गरी शारीरिक रुपमा अशक्त भएकाहरुलाई न्यानो कपडा वितरण गरेका छन् ।



अपाङ्ग संघ सप्तरीको संयोजनमा जिल्लाका १८ वटै पालिकाका अति विपन्न अशक्त अपाङ्गहरुको पहिचान गरी प्रतिव्यक्ति एक-एक थान ब्लांकेट र दरी वितरण गरिएको छ । बढ्दै गएको विपन्न अशक्तको जीवन सहज होस् भन्ने उद्देश्यले न्यानो कपडा वितरण गरिएको भन्सालीले बताए । आउँदो दिनमासमेत सेवामूलक कार्य गर्ने बताउँदै भन्सालीले केही समयपछि थप अशक्तको पहिचान गरी न्यानो कपडा वितरण गर्ने जानकारी दिए ।

# भैरहवा विमानस्थलबाट उडानका लागि निगमको गृहकार्य सुरु

काठमाण्डु । नेपाल वायुसेवा निगमले भैरहवास्थित गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानका लागि गृहकार्य सुरु गरेको छ । निगमले भैरहवा विमानस्थलबाट मलेसिया र कतार उडान तथा अन्य मुलुकमा ओभरफ्लाइको तयारी सुरु गरेको हो ।

निगम प्रवक्ता अर्चना खड्काले मलेसिया र कतार उडानका साथै भारत, बर्मा, बङ्गलादेश, बैङ्ककलगायतमा ओभरफ्लाइङ अनुमति लिने प्रक्रिया सुरु गरेको जानकारी दिनुभयो । उहाँका अनुसार दुवै मुलुकमा निगमले सुरुमा काठमाडौँबाट उडान गर्नेछ भने फर्कँदा भैरहवा हुँदै काठमाडौँ अवतरण गर्नेछ ।

नेपाल वायुसेवा निगमका अध्यक्ष युवराज अधिकारीले सुरुमा मलेसियामा साताको एउटा र कतारमा साताको दुई वटा उडान गर्ने योजना बनाएको छ । आगामी दिनमा माग भए उडान सङ्ख्या बढाउन सकिने उहाँको भनाइ छ । निगमले आउँदो पुस ४ देखि भैरहवा विमानस्थलमा 'टच डाउन' गर्दै यी दुई गन्तव्यमा व्यावसायिक उडान गर्नेछ ।

हाल भैरहवा विमानस्थलबाट कुवेतको जजिरा एयरवेज र नेपालको हिमालय एयरलाइन्सले व्यावसायिक उडान गर्दै आएका छन् ।रासस

## ७४औँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवस

# 'मानवअधिकार उपभोगमा चुनौती सिर्जना'

काठमाण्डु । नेपालको संविधान र कानुनले सबै जाति, वर्ग, लिङ्गबीच समानता कायम गर्ने व्यवस्था गरे पनि व्यवहारमा पूर्णरूपमा कार्यान्वयन नभएको गुनासो गरिन्छ । हुने खाने र हुँदाखानेबीचको विभेद, हत्या, हिंसा, बलात्कारपछि हत्या, जातीय छुवाछूत, वादी, छाउपडीजस्ता कुप्रथा अहिले पनि न्यूनीकरण हुन नसकेको गुनासो घटेको छैन ।

सशस्त्र द्वन्द्वका पीडितले अहिलेसम्म न्याय पाएका छैनन् । विस्तृत शान्ति सम्झौता भएको १६ वर्ष पूरा भए पनि पीडित अहिले पनि न्यायको आशामा छन् । स्वास्थ्योपचार, शिक्षा र रोजगारी भएमात्र पुग्ने पीडितको माग छ तर त्यसतर्फ सरोकारवालाको ध्यान जान सकेको छैन ।

सशस्त्र द्वन्द्वका पीडितले न्याय पाउन ढिलाइ भएकाप्रति चिन्ता व्यक्त गर्नुहुन्छ मानवअधिकारकर्मी चरण प्रसाईं । "दशवर्षे सशस्त्र द्वन्द्वपछि विस्तृत शान्ति सम्झौता भयो, तर शान्ति प्रक्रियाको एउटा न्याय पाउने काम अहिलेसम्म पूरा हुनसकेन", उहाँले भन्नुभयो, "पीडितलाई न्याय दिने कार्यमा सबैले ध्यान दिनुपर्छ, विगतका त्यस्ता कहालीलाग्दा घटना नदोहोरिने सुनिश्चितता गर्नुपर्ने अभियान कायम राख्नुपर्छ ।"

विस्तृत शान्ति सम्झौताअनुसार राजनीतिक दलहरूले गम्भीरतापूर्वक लिएर द्वन्द्वपीडितलाई न्याय दिनुपर्ने उहाँको माग छ । नेपालको संविधानमा ३१ वटा मौलिक हकको व्यवस्था गरिएको छ । तीन वर्षभित्र कानुन बनाएर कार्यान्वयनमा ल्याउने भनिएको थियो तर, त्यसको कार्यान्वयन अहिले पनि प्रभावकारीरुपमा आउन सकेको छैन ।

राष्ट्रिय मानवअधिकार आयोगले आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदनमा मानवअधिकारको उल्लङ्घन वा हनन भएको भनी जम्मा एक सय एक उजुरी दर्ता भएको जनाएको छ । मानवअधिकारसँग सम्बन्धित विषयमा दुई सय २१ पटक अनुगमन भएको छ । आयोगले पुराना र नयाँ गरी पाँच सय तीन उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ ।

आयोगको सिफारिसको १५ दशमलव ३ प्रतिशत पूर्ण, ३९ दशमलव २ प्रतिशत आंशिक र ४५ दशमलव ५ प्रतिशत सिफारिस कार्यान्वयन हुन बाँकी रहेको छ । आयोगबाट अनुसन्धान सम्पन्न भएका जम्मा चारसय १४ उजुरीमाथि निर्णय भएको छ । जसमा छ वटा नीतिगत सिफारिस रहेका छन् । पुरातन र रुढीवादी मानसिकताले गर्दा नेपाली समाजको ठूलो हिंसा ग्रसित भएको प्रतिवेदनमा छ ।

"अधिकार, न्याय, स्वतन्त्रता र समानतालगायतका विषय उठान भए पनि व्यवहारतः समाज जातीय भेदभाव, बोक्सी, छाउपडी, बालविवाह र दाइजोजस्ता कुप्रथाबाट मुक्त हुन सकेको छैन", आयोगका अध्यक्ष तपबहादुर मगरले भन्नुभयो, " मानवअधिकार उपभोगमा चुनौती सिर्जना भएको छ, सबैले मिलेर मानवअधिकार संरक्षणमा लाग्न आग्रह गर्छु ।"

मानवअधिकार आयोगको वार्षिक प्रतिवेदन बुझ्दै यही मङ्सिर २१ गते राष्ट्रपति विद्यादेवी भण्डारीले भन्नुभयो, "मानवअधिकार र लोकतन्त्रको अवलम्बनमा नेपाल उच्चस्थानमा रहेको छ", उहाँले भन्नुभयो, "मानवअधिकार शिक्षा र संस्कृतिको विकासका लागि आयोगले शैक्षिक संस्थासँग सहकार्य गरेर अगाडि बढ्नुपर्छ ।"

**विस्तृत शान्ति सम्झौता**

नेपालमा भएको दशवर्षे सशस्त्र द्वन्द्वपछि भएको विस्तृत शान्ति सम्झौतामा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिको तथा युद्धका समयमा मारिएकाको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचना सार्वजनिक गरी परिवारजनलाई बुझाउने उल्लेख छ । विस्तृत शान्ति सम्झौतामा 'आफ्ना कब्जामा रहेका मानिसका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मन्जुर गर्दछन्' भनिएको छ ।

शान्ति सम्झौताअनुरुप नै दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम् परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गर्न मानवताविरुद्धको अपराधमा संलग्नको सत्य अन्वेषण गरी दोषीलाई कारबाही गर्ने उद्देश्यले सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग २०७१ माघ २७ गते गठन गऱ्यो । सरकार र द्वन्द्वरत पक्षबीच सम्झौता भएको साढे आठ वर्षपछि यी दुई आयोग बने तर पीडितले अझै न्याय अनुभूति गर्न पाएका छैनन् ।

आयोगले उजुरी सङ्कलन गर्ने काम गरे । अहिले आयोग पदाधिकारीविहीन अवस्थामा छन् । सत्य निरुपण तथा मेलमिलाप आयोगमा ६३ हजार सात सय १८ उजुरी दर्ता भएका छन् । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा तीन हजार दुई सय ४३ उजुरी परेको छ । द्वन्द्वपीडित अहिले पनि न्यायको आशामा बसिरहेका छन् । कहिले न्याय पाउने भन्ने अझै निश्चित हुन सकेको छैन ।

"विस्तृत शान्ति सम्झौतामार्फत सुरू भएको शान्ति प्रक्रियाले १६ वर्ष पार गरिसकेको छ", आयोगका अध्यक्ष मगरले भन्नुभयो, "यतिका वर्षसम्म पनि द्वन्द्वपीडितले अझै न्याय पाउन नसक्नु दुःखद् पक्ष हो ।" सीमान्तकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, ज्येष्ठ नागरिक, लैङ्गिक अल्पसङ्ख्यकलगायत विषयमा राज्यले विशेष ध्यान दिन नसकेको आयोगका अध्यक्ष मगरको ठहर छ ।

मानवअधिकार दिवस प्रत्येक वर्ष डिसेम्बर १० का दिन मनाइन्छ । अर्थात् मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको दिन सन् १९४८ डिसेम्बर १० लाई आधार मानेर मनाउने गरिएको हो । सोही दिन विश्वव्यापी मानवअधिकारको घोषणा भएको संस्मरण गर्दै प्रत्येक वर्ष यो दिवस मनाइने गरिन्छ ।रासस

# गठबन्धन पाँच वर्षसम्म कायम हुनुपर्छ : नेता भण्डारी

डुम्रे । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं तनहुँ क्षेत्र नं २ का नवनिर्वाचित प्रतिनिधिसभा सदस्य शङ्कर भण्डारीले गठबन्धन आगामी पाँच वर्षसम्म कायम रहनुपर्ने बताउनुभएको छ ।

शनिवार दमौलीको बिपी स्मृति भवनमा आयोजित निर्वाचन समीक्षा कार्यक्रममा बोल्दै उहाँले निर्वाचनमा अपेक्षाअनुसार मत प्राप्त नगरे पनि पाँच वर्षसम्म गठबन्धन टुट्न दिन नहुने बताउनुभयो ।

उहाँले सङ्गठन सुदृढीकरण गर्न सकेको भए निर्वाचनमा कांग्रेसले अझ बढी सिट जित्न सक्थ्यो भन्दै सङ्गठन सुदृढीकरणमा लाग्न नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो ।रासस

# विपन्नलाई कम्बल वितरण




**टुडे समाचारदाता**

वीरगञ्ज । उपकार सेवा नेपाल नामक संस्थाले गरिब र विपन्नहरुलाई चिसोमा न्यानो कम्बल वितरण कार्यलाई निरन्तरता दिएको छ ।

शनिबार वीरगञ्ज महानगरपालिका वडा नम्बर २३ सबैठवामा उक्त संस्थाले गरिब, विपन्न र दलिततहरुलाई गरी ४५ थान कम्बल वितरण गरेका छन् ।

सबैठावामा पुगेर संस्थाका पदाधिकारी र सामाजिक अभियन्ताहरुको टोलीले कम्बल वितरण गरेका छन् ।

संस्थाको तर्फबाट सामाजिक अभियन्ता प्रकाश थारु र युवा नेता ओम प्रकाश सर्राफले विपन्न र दलितहरुलाई कम्बल वितरण गरेका थिए ।

उपकार सेवा नेपालले यसअघि वीरगञ्जकै विभिन्न वडाहरुमा पनि न्यानो कम्बल वितरण गरेको थियो ।

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : धन बृद्धि सञ्चय । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : वाद विवादबाट बच्नु । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : अवसर प्राप्त । |
| बृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




७४औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अबसरमा सिरहाको लहान बजारमा शनिबार विभिन्न सङ्घसंस्थाले निकालेको र्‍यालीमा सहभागीहरु। तस्बिर : रासस

# भुसाल र साह एमालेबाट निष्कासित



**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले)ले स्थायी कमिटी सदस्य घनश्याम भुसाल र प्रभु साहलाई पार्टीबाट निस्कासन गरेको छ।

शनिवार ललितपुरको च्यासलस्थित पार्टी मुख्यालयमा बसेको सचिवालय बैठकले निर्वाचनमा पार्टी गतिविधिविरुद्ध काम गरेको भन्दै भुसाल र साहलाई पार्टीबाट हटाएको एमाले प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले जानकारी दिनुभयो।

यस्तै पार्टीले उपेन्द्र साह (रौतहट), कुन्दन कुसवाह (रौतहट) रामप्रित राम (सिराहा), बद्री न्यौपाने (सर्लाही), रीता साह (सर्लाही), गङ्गा चौधरी (दाङ) र टेकबहादुर बलम्पाखी (महोत्तरी)लाई पनि केन्द्रीय सदस्यबाट निष्काशन गरिएको उहाँले जानकारी दिनुभयो।

पार्टीका केन्द्रीय सल्लाहकार ताप्लेजुङका वाङ्दे शेर्पा, कञ्चनपुरका खेम सुवेदी र भक्तबहादुर अधिकारी तथा कैलालीका लक्ष्मी शाह तथा पार्टीको समानुपातिक सूचीमा भएर पार्टीविरोधी गतिविधिमा रहेको भन्दै जैतुन खातुनलाई पनि कारबाही गरिएको गुरुङले जानकारी दिनुभयो।

# वीरगञ्जका निजी विद्यालयको वर्गीकरण, ६ वटा परे क वर्गमा



**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले पहिलो पटक ५८ वटा निजी विद्यालयको स्तर तथा शुल्क निर्धारण गरेको छ। जसअनुसार महानगरभित्रका ६ वटा विद्यालय 'क' वर्गमा, २४ वटा 'ख' वर्गमा, २७ वटा 'ग' वर्गमा र एउटा विद्यालय 'घ' वर्गमा परेका छन्।

महानगरमा १४८ निजी विद्यालयमध्ये ५८ वटाले मात्र स्तर निर्धारणका लागि निवेदन दिएका थिए। स्तर तथा शुल्क निर्धारणको प्रक्रियामा नआएका विद्यालय स्वतः 'घ' वर्गमा पर्नेछन्।

महानगरले ती विद्यालयले कक्षा १ देखि १२ सम्म लिन पाउने न्यूनतम शुल्क पनि तोकेको छ। जस अनुसार क वर्गका विद्यालयले नर्सरीमा मासिक शुल्क २ हजार ९३ रुपैयाँ लिन पाउनेछन्।

महानगरले १ महिनाको मासिक पढाइ शुल्क भन्दा बढी धरौटी नलिन, २ महिनाको मासिक शुल्क भन्दा बढी वार्षिक शुल्क नलिन, दुरीको आधारमा सवारी भाडा तय गरेर लिन, अन्य शुल्क लिनुपर्दा अभिभावक भेलाबाट पारित गरेर मात्रै लिन निर्देशन दिएको छ। तोकिएको शुल्क शैक्षिक सत्र २०७९ जेठ १ गतेदेखि लागू हुनेछ।

महानगरले स्तर तथा शुल्क निर्धारणका लागि मेयर राजेशमान सिंहको संयोजकत्वमा ७ सदस्यीय विद्यालय स्तरीकरण तथा शुल्क निर्धारण समिति गठन गरेको थियो। समितिमा प्रमुख प्रशासकीय अधिकृत, शैक्षिक प्रशासन महाशाखा प्रमुख, शिक्षक अभिभावक समितिका प्रतिनीधि, शिक्षाविद लगायत सदस्य राखिएका थिए। संघीय तथा महानगरपालिकाको शिक्षा नियमावलीमा भएको व्यवस्था अनुसार ७० वटा सूचकहरुको मुल्यांकन गरेर २ सय पूर्णाङ्कमा विद्यालयलाई नम्बर दिएर वर्गीकरण गरिएको समितिले जनाएको छ।

महानगरपालिकाका शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्णले ८० प्रतिशत भन्दा बढी अंक पाएका ६ वटा विद्यालयलाई क वर्गमा राखिएको बताए।

तोकिएको भन्दा बढी शुल्क लिएमा २५ हजारदेखि १ लाख रुपैयाँसम्म जरिवाना, स्तर घटुवाका साथै विद्यालय खारेजसम्मको कारबाही हुने महानगरपालिकाले जनाएको छ।

# लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान



काठमाण्डु । लैङ्गिक हिंसाका गतिविधि नियन्त्रण गर्ने अभियानस्वरुप लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु गरिएको हो। विश्वव्यापीरूपमा २५ नोभम्बरदेखि १० डिसेम्बरसम्म मनाइने यो अभियान नेपालमा विसं २०५४ देखि मनाउन थालिएको थियो।

अभियान अवधिमा राष्ट्रिय महिला आयोगले मङ्सिर ९ मा लैङ्गिक हिंसाविरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाएको थियो भने मधेस प्रदेशमा लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी दुईदिने कार्यशाला आयोजनालगायतका काम गरेको थियो।

साथै रेडियो नेपाल र नेपाल टेलिभिजनबाट लैङ्गिक हिंसा निवारण र महिला सशक्तीकरणसम्बन्धी विशेष कार्यक्रम प्रसारण, वार्षिक कार्यक्रमअन्तर्गत लैङ्गिक हिंसा न्यूनीकरणसम्बन्धी कार्यक्रम केन्द्र, प्रदेश र जिल्लास्तरमा सञ्चालन गरिएको आयोगका सचिव कविराज पौडेलले बताउनुभयो।

**लैङ्गिक हिंसा भनेको के हो त ?**

एउटा लैङ्गिक वर्गको व्यक्तिले अर्को लैङ्गिक वर्गको व्यक्तिलाई आफ्नो अधिनमा राख्न वा प्रभावमा पार्न गरिने उत्पीडनलाई लैङ्गिक हिंसा भनिन्छ। लैङ्गिक हिंसा महिला र पुरुषबीच असमान शक्ति सम्बन्धस्वरुप सिर्जित आपराधिक कार्य र मानवअधिकारको घोर उल्लङ्घन हो। शारीरिक, यौनजन्य, मानसिक, सामाजिक, सांस्कृतिक र आर्थिक हिंसा लैङ्गिक हिंसाका स्वरुप हुन्।

**किन चलाइन्छ १६ दिने अभियान ?**

लैङ्गिक हिंसा मानवअधिकारको हनन हो भन्ने विषयमा राष्ट्रिय तथा अन्तर ाष्ट्रियरूपमा जनचेतना विस्तार गर्न, लैङ्गिक हिंसाविरुद्धमा पुरुषको सहकार्यलाई अभिवृद्धि गर्ने, लैङ्गिक समानता तथा सामाजिक न्यायका क्षेत्रमा काम गर्ने विश्वका विभिन्न निकाय अर्थात् अधिकारकर्मीबीच ऐक्यबद्धता जाहेर गर्न, लैङ्गिक हिंसाका विविध आयामहरूमा रणनीतिक छलफल गर्न यो अभियान सञ्चालन हुने गरेको आयोगले जनाएको छ।

अभियानमा चेतना जागरण तथा पैरवी, अध्ययन अनुसन्धान, उजुरी व्यवस्थापन तथा सेवा प्रवाह, सुझाव तथा सिफारिस र समन्वय र सहकार्य गर्ने मुख्य कार्यक्षेत्र रहेको आयोगले जनाएको छ।

आयोगले विसं २०७९ साउन १ देखि कात्तिक ३० सम्ममा घरेलु हिंसा तीन सय १६ र महिला हिंसा ३१ गरी जम्मा तीन सय ४७ उजुरी दर्ता भएको जनाएको छ।रासस

# मधेशमा महिलाप्रति राजनीतिक दल अनुदार



**बाला खुद्दार**

जनकपुरधाम। महिला अधिकार बारे नेपालमा दिनहुँ सभा,सम्मेलन र गोष्ठीहरुको आयोजना हुने गर्छन्। राजनीति दलका प्रतिनिधिले ती कार्यक्रममा महिलाको अधिकार बारे चर्को भाषणबाजी पनि गर्छन। तर व्यवहारमा त्यही राजनीतिक दलको क्रियाकलाप विगतको भन्दा खासै फरक देखिदैनन्। यसको गतिलो उदाहरण प्रतिनिधि र प्रदेश सभाको निर्वाचन। प्रमुख राजनीतिक दलहरु नेपाली कांग्रेस, माओवादी केन्द्र, जनता समाजवादी पार्टी लगायतका दलहरुले महिलालाई उम्मेदवार बनाउने सम्बन्धमा उपेक्षा गरेको देखिन्छ।

राजनीतिक दलहरूले महिलालाई प्रत्यक्षतर्फ उम्मेदवार बनाउन आनाकानी गरेको पछिल्लो नतिजाले स्पष्ट भएको छ। मधेश प्रदेशको प्रतिनिधिसभातर्फको ३२ निर्वाचन क्षेत्रमध्ये नेकपा एमालेले दुई र नेपाली कांग्रेसले एक क्षेत्रबाहेक अन्य क्षेत्रमा महिला उम्मेदवार नै उठाएको थिएन भने नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जसपा र लोसपालगायतका अन्य दलहरूले महिलालाई भने कुनै अवसर प्रदान गरेको देखिदैन।

यस प्रदेशमा नेकपा एमालेको तर्फबाट उम्मेदवार बनेकी जुलीकुमारी महतो र ज्वालाकुमारी साहबाहेक अन्य कुनै पनि महिला उम्मेदवारले जित हासिल गर्न सकेकी छैनन्। महतो धनुषा ३ बाट र साह बारा ३ बाट प्रत्यक्षमा निर्वाचित भएकी छन्।

प्रतिनिधिसभा सदस्यका लागि प्रत्यक्षतर्फ सप्तरीबाट कुल ७० जनाको उम्मेदवारी पर्दा महिलाको संख्या ५ मात्र थियो भने सिरहाबाट कुल ८७ जनाले उम्मेदवारी दिँदा महिलाको संख्या ७ मात्र थियो। त्यसैगरी, धनुषाबाट कुल १०१ जनाको उम्मेदवारी पर्दा महिलाको संख्या ६ मात्रै थियो। धनुषाको अन्य क्षेत्रबाट कुनै पनि दलले महिला उम्मेदवार खडा गरेको थिएन। ६ जना सबै क्षेत्र नम्बर ३ बाटै उम्मेदवार बनेकी थिइन्।

महोत्तरीबाट ६७ जनाको उम्मेदवारी पर्दा महिला उम्मेदवारको संख्या ५ मात्रै थियो भने सर्लाहीको सबै क्षेत्रबाट १/१ जना गरी ४ जना महिलाले उम्मेदवारी दिएकी थिइन्। त्यहाँबाट जम्मा ६९ जनाले उम्मेदवारी दिएका थिए। रौतहटबाट कुल ६७ जनाले उम्मेदवारी दिँदा महिला उम्मेदवारको संख्या ४ मात्र थियो भने बाराको निर्वाचन क्षेत्र नम्बर-३ बाट मात्र २ जना महिलाको उम्मेदवारी परेको थियो। जबकि जिल्लाको चारवटै निर्वाचन क्षेत्रबाट कुल ७६ जनाले उम्मेदवारी दिएका थिए।

पर्साबाट त झन् ५३ जनाले उम्मेदवारी दिँदा महिला उम्मेदवारको संख्या शून्य नै थियो। यसरी मधेश प्रदेशका ८ वटै जिल्लामा प्रतिनिधिसभातर्फ ३३ जना महिलाले उम्मेदवारी दिँदा मात्रै २ जना महिला निर्वाचित भएकी छन्। सप्तरी-१ बाट प्रतिनिधिसभा सदस्यका लागि २० जनाको उम्मेदवारी पर्दा नागरिक उन्मुक्ति पार्टीले मात्र एकजना महिला टिकालक्ष्मी चौधरीलाई उम्मेदवार बनाएकोमा उनले १ हजार ३७८ मत ल्याइन्। त्यहाँबाट जसपाका नवल किशोर साह २३ हजार ६०४ मत ल्याएर निर्वाचित भएका छन्।

सप्तरी-२ बाट १६ जनाको उम्मेदवारी पर्दा नेपाली जनता दलले चन्द्रकुमारी देव (१५५ मत), पिछडावर्ग निषाद दलित जनजाती पार्टीले सुमित्रा मण्डल (७२ मत) र नेपाल संघीय समाजवादी पार्टीले प्रमीला देवी मण्डल (३१ मत) लाई उम्मेदवार बनाएका थिए। त्यहाँबाट जनमत पार्टीका अध्यक्ष डा. सीके राउत ३५ हजार ४२ मत ल्याएर निर्वाचित भएका छन्। त्यस्तै, सप्तरी-३ बाट १८ जनाको उम्मेदवारी पर्दा कुनै दलबाट महिलाको उम्मेदवारी परेको थिएन। त्यहाँबाट नेपाली कांग्रेसका दिनेश कुमार यादव २६ हजार १६६ मत ल्याएर निर्वाचित भएका छन्

सप्तरी-४ बाट १६ जनाको उम्मेदवारी पर्दा एकजना महिला माधुरी कुमारी साह मात्र स्वतन्त्र उम्मेदवार थिइन, उनले १४३ मत मात्र प्राप्त गर्न सकिन् ।सो क्षेत्रमा कांग्रेसका तेजुलाल चौधरी २३ हजार ४९१ मत ल्याएर निर्वाचित भएका छन्।

सिरहा-१ बाट २३ जनाको उम्मेदवारी पर्दा सरिता गिरीले स्वतन्त्र (५०२ मत) र नेपालका लागि नेपाली पार्टीले रीता देवी साहलाई उम्मेदवार बनाएको थियो। उनले १३१ मत पाइन्। त्यहाँबाट नेकपा एमालेका रामशंकर यादव २९ हजार ४६२ मत ल्याएर निर्वाचित भएका छन्।

सिरहा-२ बाट २४ जनाको उम्मेदवारी परेको थियो। जसमा नेपाली कांग्रेसले चित्रलेखा यादव र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले शिला देवी रामलाई उम्मेदवार बनाएको थियो। चित्रलेखाले २३ हजार २८ मत पाउँदा शिलाले ४६ मत पाएकी थिइन्। त्यहाँबाट जसपाका राजकिशोर यादव २४ हजार १७८ मत ल्याएर निर्वाचित भएका छन्।

सिरहा-३ बाट २१ जनाको उम्मेदवारी परेको थियो। जसमध्ये एकजना महिला सीता पोखरेल मात्र स्वतन्त्र उम्मेदवार थिइन्। उनले मात्र १९ मत प्राप्त गर्न सकिन। त्यहाँबाट नेकपा एमालेका लिलानाथ श्रेष्ठ २८ हजार ६४ मत ल्याएर निर्वाचित भएका छन्।

सिरहा-४ बाट १९ जनाको उम्मेदवारी पर्दा राप्रपाले नगिना कुमारी झा र नेपाल आमा पार्टीले तारा देवी भण्डारीलाई उम्मेदवार बनाएको थियो। नगिनाले १ हजार ७३ मत ल्याउँदा ताराले ११३ मत पाएकी थिइन्। त्यस क्षेत्रबाट जसपाका वीरेन्द्र प्रसाद महतो २४ हजार १०२ मत ल्याएर निर्वाचित भएका छन्।

धनुषा क्षेत्र नम्बर ३ बाहेक कुनै पनि क्षेत्रमा महिला उम्मेदवार थिएनन्। जबकि धनुषा-१ मा २५,२ मा १६ र ४ मा एक जना पनि महिला उम्मेदवारले उम्मेदवारी दर्ता गराएनन्। धनुषाको निर्वाचन क्षेत्र नम्बर-३ बाट ३१ जनाको उम्मेदवारी परेकोमा एक स्वतन्त्रसहित ७ जना महिला थियो। सो क्षेत्रमा एमालेकी जुलीकुमारी महतो विजयी भएकी छन्। महतो ३३ हजार ३८८ मत ल्याएर लोसपाका वरिष्ठ नेता अनिल झालाई पराजित गर्दै निर्वाचित भइन्।

महोत्तरी-१ मा १५ जनाको उम्मेदवारी पर्दा महिलाको दुई मात्रै थियो। राष्ट्रिय स्वतन्त्र पार्टीले खेमकुमारी भुर्तेल र राप्रपाले पूजा घिमिरेलाई उम्मेदवार बनाएको थियो। भुर्तेलले २ हजार ६४ र घिमिरेले ९७४ मत ल्याएकी थिइन। सो क्षेत्रबाट एमालेका लक्ष्मी महतो २३ हजार ४०२ मत ल्याएर निर्वाचित भएका छन्।

महोत्तरी-२ मा १७ जनाको उम्मेदवारी पर्दा महिलाको संख्या शून्य रहेको छ। महोत्तरी-३ बाट २१ ज्ना मध्ये नेशनलिष्ट पिपल्स पार्टीका जिवछी देवी (३४२ मत), राप्रपा नेपालले गुलाव कुमारी देवी मण्डल (९९ मत) र एकीकृत शक्ति नेपालले एल्सा झा (९६ मत) लाई उम्मेदवार बनाएको थियो।

महोत्तरी-४ मा १४ जनाको उम्मेदवार मध्ये महिलाको संख्या शून्य नै थियो। सर्लाही-१ बाट १९ जनाको उम्मेदवारी पर्दा एकजना मात्र महिला उम्मेदवार आकाश वती दनुवारले स्वतन्त्र उम्मेदवारी दिएकी थिइन्। उनले ३८ मत मात्र पाउन सकिन। जबकि सो मा लोसपाका रामप्रकाश चौधरी २४ हजार ८३८ मत ल्याएर निर्वाचित भएका छन्।

सर्लाही-२ मा १७ जनामा सुशीला कुमारी महिलाबाट एक्कली स्वतन्त्र उम्मेदवारी दिएकी थिइन्। सुशीला ४५ मत ल्याउँदा माओवादी केन्द्रका महिन्द्र राय यादव २३ हजार ५२९ मत ल्याएर निर्वाचित भएका छन्।

सर्लाही-३ मा १३ जनाको उम्मेदवारी पर्दा हाम्रो नेपाली पार्टीले मात्र एकजना महिला भवानी घिमिरेलाई उम्मेदवार बनाएको थियो। घिमिरेले ५७८ मत पाइन्, तर एमालेका हरिप्रसाद उप्रेती ३२ हजार ९३८ मत ल्याएर निर्वाचित भएका छन्।

सर्लाही-४ बाट २० जनामा एक २५ वर्षीया मधुमाला कुमारी यादव एकल महिला उम्मेदवार थिइन। तर पनि उनी चुनावी बाजि आफ्नो पक्षमा पार्न सकेनन्। यादवले १४ हजार ६२२ मत ल्याउदाँ कांग्रेसका बागी उम्मेदवार अमरेश कुमार सिंह २० हजार १७ मत ल्याएर निर्वाचित भएका छन्।

रौतहट-१ मा प्रतिनिधिसभा सदस्यका लागि १७ जनाले उम्मेदवारमा दुई जना महिला उम्मेदवार मात्रै थियो। राप्रपा नेपालले सरोज कुमारी (३५३ मत)र कोशीला देवी (१७ मत) ले स्वतन्त्र उम्मेदवारी दिएकी थिइन्। सो क्षेत्रबाट नेकपा एसका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल ३३ हजार ५२२ मत ल्याएर निर्वाचित भएका छन्।

रौतहट-२ र ३ मा एक जना पनि महिला उम्मेदवारी दिएनन्। रौतहट-४ मा १८ जनामा एक स्वतन्त्रसहित दुई महिलाको उम्मेदवारी परेको थियो। नेकपा (मार्क्सवादी लेनीनवादी)ले अनवरी खाँ (९५० मत) र स्वतन्त्र उम्मेदवार इश्वरी कार्की काफ्ले (४७ मत) मात्र पाइन।

त्यसैगरी, बाराको निर्वाचन क्षेत्र नम्बर-१ र २ मा महिलाको उम्मेदवारी परेको थिएनन्। बारा-३ बाट १८ जनामा दुई महिलाको मात्रै उम्मेदवारी परेको थियो। नेकपा एमालेले ज्वाला कुमारी साह र जनमत पार्टीले राधिका देवी साहलाई उम्मेदवार बनाएको थियो। ज्वालाले २० हजार २५१ मत ल्याएर निर्वाचित भइन। बारा-४ र पर्साका चार वटै निर्वाचन क्षेत्रमा एक जना पनि महिलाले उम्मेदवार थिएनन्।


**मधेश प्रदेशमा ७४ मध्ये ४ जना महिला उम्मेदवार मात्रै निर्वाचित**

मधेश प्रदेशसभामा प्रत्यक्षतर्फ ६४ वटा सिट तोकिएको छ। तर यो निर्वाचनमा ७४ जना महिलाले उम्मेदवारी दिएकोमा मात्रै ४ जना निर्वाचित भएकी छन्।

यस अघि २०७४ सालमा मधेश प्रदेश सभामा ५ जना महिला प्रत्यक्षमा निर्वाचित भएका थिए। ४ मध्ये मध्ये तीनजना राजनीतिक दलबाट र एक स्वतन्त्र उम्मेदवारी दिएर निर्वाचित भएकी छन्।

महोत्तरी क्षेत्र नम्बर २(ख) बाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले टिकट नदिएपछि स्वतन्त्र उम्मेदवारी दिएकी सुरिताकुमारी साह दोस्रोपटक प्रदेशसभा सदस्यमा निर्वाचित भएकी छन्।

त्यसैगरी, लोसपाबाट निवर्तमान प्रदेशसभा सदस्य रानीकुमारी तिवारी महोत्तरी क्षेत्र नम्बर ३(ख), महोत्तरी क्षेत्र नम्बर १(क) बाट नेकपा एमालेबाट शारदादेवी थापा र सर्लाही क्षेत्र नम्बर १(ख)बाट नेकपा एकीकृत समाजवादीका उम्मेदवार बेची लुंगेली दोस्रो पटक प्रदेशसभा सदस्यमा निर्वाचित भएकी छन्। यस अघि प्रदेश सभामा निर्वाचित ज्वाला कुमारी साह यस पटक प्रतिनिधिसभामा निर्वाचित भएकी छन्।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

## युवापुस्तालाई मौका देउ

संघीय सरकारको नेतृत्वको अवसर पाउने नेताहरुको सूचीमा नयाँ अनुहार छैन् । पूर्व प्रधानमन्त्रीहरु मध्येबाट नै फेरि देशको नेतृत्व गर्ने छन् । प्रधानमन्त्रीका लागि कुनै दलले नयाँ अनुहारलाई अगाडि ल्याउने पक्षमा छैन् । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नै संसदीय दलको नेता चयन हुनेमा पार्टी भित्र र बाहिर कुनै आशंका देखिदैन् । उनी हाल पनि प्रधानमन्त्री नै हुन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पनि एमाले संसदीय दलको नेता पक्कापक्की नै हो । उनी पनि पूर्व प्रधानमन्त्री नै हुन् । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' पनि संसदीय दलको नेता तय भइसकेकै हुन् । उनी पनि पूर्व प्रधानमन्त्री हुन् । नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल सो पार्टीको संसदीय दलका नेता हुनेमा दलभित्र कुनै विमति देखिएको छैन् । प्रधानमन्त्रीको दौडबाट उनी बाहिर छन् । त्यसको प्रमुख कारण नेपालले पार्टीलाई राष्ट्रिय स्तर सम्म पुऱ्याउन असफल भएका छन् । जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादव प्रतिनिधि सभामा पुग्न असफल भएका छन् । त्यस दलको नेतामा अशोक राई अथवा रामसहाय यादवको संभावना छ । तर उनीहरु प्रधानमन्त्रीका लागि दाबी गर्ने हैसियतमा छैनन् । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले राष्ट्रिय हैसियत नै गुमाइसकेकाले दलको मान्यता समेत समाप्त भएकोछ । सम्पूर्ण नयाँ अनुहार सहित प्रतिनिधि सभामा प्रदेश पाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष एवं सांसद नागरिकताको विवादमा मुछिएका छन् । उनको नागरिकता विवादको टुंगो नलागे पनि उनी नै संसदीय दलको नेता बन्ने संभावना बलियो छ । नागरिकताको विवादमा उनको पद रिक्त भएमात्र अन्यले दलको नेता बन्ने अवसर पाउने छन् । तर देशको शासन गर्ने जिम्मेवारीका लागि रास्वपालाई एमाले र कांग्रेसले कुनै हालतमा समर्थन गर्ने संभावना छैन् । यी दुई दल मध्ये एउटाको समर्थन बिना देशमा कुनै दलले सरकार बनाउन सक्दैन् । आमचुनावबाट सबै दलमा क्षमतावान नयाँ अनुहारहरु चुनिएका छन् । तर उनीहरुलाई अवसर दिने पक्षमा बाजे पुस्ता छैनन् । व्यक्तिगत सम्पत्ति छोरा, नाती पुस्तालाई हस्तान्तरण गर्न उदार रहेका नेताहरुले राजनीति क्षेत्रमा पकडलाई कुनै हालमा कमजोर हुन दिइरहेका छैनन् । जनस्तरबाट नै ज्येष्ठ नागरिकलाई आरामको समुचित प्रबन्ध नमिलाइए सम्म राजनीतिमा दूरदृष्टि भएका क्षमतावान योग्य युवालाई अवसर मिल्ने संभावना देखिदैन् । हुनत छिमेकी भारतमा वृद्ध भइसकेका नरेन्द्र मोदीले कांग्रेसका युवा नेतालाई वृद्ध बनाउन थालेका छन् । बंगलादेश र पाकिस्तानमा पनि युवालाई राजनीतिमा कमै अवसर मिलेको देखिन्छ । नेपालमा बाजे पुस्ताले नाती पुस्तालाई समय रहँदै स्थापित गर्न सके देशको विकासले सहज रुपमा गति लिनेछ ।

# म्यूजिकल चेयर र प्रधानमन्त्रीको कुर्सी



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

संविधान दिवस वा अन्य कुनै राष्ट्रिय दिवसको अवसरमा मनोरञ्जनको रुपमा 'म्यूजिकल चेयर' खेल हुने गरिन्छ । सहभागीको सङ्ख्याभन्दा एक कम कुर्सी गोलाकार रुपमा राखिएको हुन्छ । उक्त खेलमा पछाडि बसेर एकजनाले मादल बजाउँछन् ।मादलको आवाज नरुकुन्जेलसम्म कुर्सीतर्फ ध्यान राखेर हिड्नुपर्ने हुन्छ । मादलको आवाज रोकिनासाथ अगाडिको कुर्सीमा बस्नुपर्ने हुन्छ । कुर्सीमा बस्न नसक्ने खेलबाट बाहिरिन्छ । क्रमिक रुपमा खेलको अन्त्यमा दुई व्यक्तिमध्ये कुर्सीमा बस्नेको जित हुन्छ । मुलुकमा प्रधानमन्त्रीको कुर्सी म्यूजिकल चेयर खेलजस्तै भएको देखिन्छ । प्रधानमन्त्रीको कुर्सीको खेलमा पर्दा पछाडि मादल बजाउने पनि छन् ।म्यूजिकल चेयरको खेलमा एकजना मात्र मादल बजाउने हुन्छ भने प्रधानमन्त्रीको खेलमा दलपिच्छे मादल बजाउनेहरु छन् । त्यसकारण, प्रधानमन्त्रीको कुर्सीको खेल गोलचक्करमा फस्ने डरपनि छ । संविधान जारीपछि प्रतिनिधिसभाको पहिलो संसदीय निर्वाचन २०७४बाट केपि ओली प्रधानमन्त्री बनेपछि मुलुकमा राजनीतिक स्थिरता आउने विश्वास गरिएको थियो । तर, प्रधानमन्त्रीको कुर्सीपनि म्यूजिकल चेयरजस्तै प्रचण्डले प्रधानमन्त्रीको दावी गरेपछि विवाद चक्रिदै गयो । केपि ओलीले पाँच बर्ष चलाउने अठोट पुरा गर्न सकेन् । पार्टी पनि फुट्यो र कुर्सीपनि छुट्यो ।

हुन त २०६४पछि नेपालमा प्रधानमन्त्रीको कुर्सी म्यूजिकल चेयरको अर्के रुप नै हो । आलोपालो गरी सो कुर्सीमा बस्ने खेल विगत दुई दसकभन्दा बढी समयदेखि जारी छ । मुलुकमा संविधान जारी भएपछि अव मुलुकमा राजनीतिक स्थिरता आउने र सरकारले पाँच बर्षको अवधि पुरा गर्ने विश्वास गरिएको थियो । संविधानसभाका विद्ववान सदस्य महोदयहरुले जुन किसिमका मिश्रित संसदीय प्रणालीको व्यवस्था गऱ्यो । त्यसले गर्दा प्रत्यक्षतर्फ बहुमत ल्याएपनि समग्रमा प्रतिनिधिसभामा बहुमत पुऱ्याउन असम्भव नै छ । समानुपातिकमा थ्रेसहोल्ड कटाउने दलले प्रतिशतको आधारमा प्रतिनिधिसभाका सदस्य पाउँछन् । कुनै एक दललाई बहुमत ल्याउनका लागि समानुपातिकमा पचास प्रतिशतको हाराहारीमा मत ल्याउनुपर्छ । यो असम्भवनै भन्नु पर्छ ।

यो समानुपातिक प्रणाली नेता, नेताका परिवारका लागि साँसद बन्ने शौंभाग्य प्रदान गर्नुका साथै आर्थिक सञ्चयका लागि दुहुनो गाईजस्तै छ । चुनाव जित्न सक्ने आँट नभएका नेताका लागि यो वरदान नै हो । यसको उद्देश्य जे भएपनि वास्तविकता नेपालीसमक्ष छर्लङ्ग नै छ । गठबन्धन सरकारको जन्मदाता समानुपातिक प्रणाली नै हुन् । २०६४को निर्वाचनमा माओवादीले प्रत्यक्षतर्फ पचास प्रतिशत सिट जितेको थियो । तर, सोही अनुपातमा समानुपातिकमा मत नपाएपछि एकल बहुमत पाउनबाट बञ्चित भयो । तत्कालीन मधेशी जनअधिकार फोरमको समर्थन लिएर मिलीजुली सरकार गठन गरेको थियो । समानुपातिकले गर्दा एकल बहुमत पाउनु त्यति सहज छैन् । एकल सरकार गठन गर्न खोज्नेका लागि यो समानुपातिक अभिशापकै रुपमा देखा परेको छ । अव, हामी नेपालीलाई गठबन्धनको सरकार सधैंका लागि आत्मसात गर्नुनै बेश हुन्छ ।

सुरुवातमैं सरकार गठन हुने विषय नै अन्यौल अवस्थामा छ भने दुई बर्षपछि अर्को प्रधानमन्त्रीको टुङ्गो लागेपछि मात्र प्रधानमन्त्री कुन दलको बन्ने टुङ्गो लाग्नेछ । यदि, काँग्रेसबाट प्रधानमन्त्री हुने निश्चित भएमा सो दलभित्र आधा दर्जन दावेदार रहेकाले अन्ततः संसदीय दलको बैठकबाट निर्णय हुनेछ । त्यसआधारमा सरकार बनाउनका लागि अझै धेरै कसरत हुन बाँकी छ । राजनीतिको मुख्य उद्देश्य सत्ताप्राप्ति नै हो । सिद्धान्त र जनताको भावना भन्ने विषय भऱ्याङ मात्र हो भनेर सम्झनुपर्छ ।

नेकपा (एमाले)ले निर्वाचनमा पार्टीले बहुमत ल्याएमा केपि ओली प्रधानमन्त्री हुने घोषणासँगै निर्वाचनमा होमिएको थियो । सत्तारुढ गठबन्धनले प्रधानमन्त्रीको रुपमा कसैको अनुहार अगाडि नल्याइ चुनावमा सहभागी भएका थिए । सत्तारुढ गठबन्धनमा यतिखेर, प्रधानमन्त्रीको आधा दर्जनभन्दा बढी दावेदार छन् । काँग्रेस ठूलो दलको रुपमा स्थापित भएपछि प्रधानमन्त्रीका लागि शेरबहादुर देउवाका साथै डा. शेखर कोइराला, गगनकुमार थापा, प्रकाशमान सिँह, डा. शशाङ्क कोइराला र रामचन्द्र पौंडेलको नाम चर्चामा छन् । सत्तारुढ गठबन्धनका एक घटक माओवादीकेन्द्रले सरकारको नेतृत्वका लागि प्रयास शुरु गरेको छ । सो पार्टीले प्रचण्डलाई प्रधानमन्त्री बनाउनुपर्ने माग राखेका छन् । त्यसो नभएको खण्डमा माओवादीकेन्द्र गठबन्धनबाट बाहिरिने भनेर घुमाउरो ढङ्गले धम्किपनि दिएका छन् । त्यसको प्रतिउत्तरमा काँग्रेसका नेता प्रकाशमान सिँहले ओलीसँग भेटघाट गरेको थियो । त्यसपछि, काँग्रेस र एमालेका नेताहरुबीच अनौंपचारिक रुपमा छलफल शुरु भएको छ । सत्तारुढ गठबन्धनबाट प्रधानमन्त्रीको चयन हुने भनेर दलका शीर्ष नेताहरुले सहमति गरेका छन् । तर, कुन दलको नेतृत्वमा सरकार गठन गर्ने विषयमा कुनै सहमति नहुँदा यसलाई गठबन्धनमा फुट उत्पन्न हुन नदिन थामथुमको रुपमा विश्लेषण हुन थालेको छ ।

**केपि ओलीको रणनीति**

अहिलेका शीर्ष नेताहरुमा सवैभन्दा चतुर र अडान लिने नेताको रुपमा केपि ओलीलाई हेरिन्छ । सत्तागठबन्धनको अङ्कगणित कायम रह् यो भने सहज ढङ्गले सरकार बन्ने छ । तर, केपि ओली आफ्नो दाउ नखेलेर चुपचाप प्रतिपक्षमा बस्ने छ भने विश्वास गर्न अलि गाह्रो छ । उहाँलाई थाहा छ, सत्तारुढ गठबन्धनमा प्रचण्डसहित आधा दर्जन साँसद प्रधानमन्त्री बन्नका लागि आत्तुर छन् । यस्तो अवस्थामा एक अर्कामाथि अविश्वासको वातावरण सृजना गरी गठबन्धनलाई भत्काउनुपर्छ भन्ने कुटनीतिक खेल खेल्नु स्वभाविक पनि हो । त्यसमा केही हदसम्म सफल पनि भएको देखिन्छ । निर्वाचनअघि उपेन्द्र यादवलाई गठबन्धनबाट बाहिर निकाल्नमा सफल भयो । जसपालाई एमालेसँग तालमेल गर्दा खासै फाइदा भएन् । आफ्नै मधेश प्रदेशमा नराम्रो ढङ्गले पराजित भए । जसपालाई तेस्रो स्थानमा खुम्चिनु पऱ्यो । तर, सोही मधेश प्रदेशमा एमालेलाई ठूलो पार्टी बनाउनमा सफल रह्यो । मधेश प्रदेशबाहिर प्रदेश नं-१को सुनसरीबाट एमालेको सहयोगमा जसपाबाट अशोक राई निर्वाचित भएका छन् । एमालेसँगको तालमेलबाट एकमात्र अशोक राईको जित नै उपलब्धिको रुपमा देखिन्छ ।

अव, निर्वाचनपछि माओवादी केन्द्रलाई जसरीपनि गठबन्धनबाट निकाल्न प्रयास थालेका छन् । प्रचण्डलाई प्रधानमन्त्री बनाउनेसम्मको प्रलोभन पनि दिएका छन् । ओलीले प्रचण्डलाई विगतका कुरालाई विर्सेर मिलेर काम गर्न आग्रह समेत गर्नुभएको छ । त्यसपछि, माओवादीकेन्द्रका नेताहरुले प्रचण्डलाई प्रधानमन्त्री बनाउनुपर्ने भनेर प्रतिक्रियाहरु दिन थालेको थियो । प्रचण्डलाई सत्तारुढ गठबन्धन छोड्नमा त्यति सहज नदेखेपछि यतिखेर, एमालेले नेपाली काँग्रेसलाई पाँच बर्षसम्म सरकार बनाउनका लागि आग्रह गर्दै आवश्यक परे लिखित सहमति गर्ने प्रतिबद्धतासमेत प्रकट गरेका छन् । केपि ओलीको प्रस्तावपछि सत्तारुढ गठबन्धनमा हलचल हुनु स्वभाविक पनि हो । काँग्रेसले कतै एमालेसँग सहमति गर्नसक्ने भयको कारण माओवादीकेन्द्र तत्कालको लागि एक कदम पछाडि हट्ने सम्भावना छ । तर, प्रदेशमा सरकारको गठनको विषय धेरै बढी पेचिलो हुने देखिन्छ ।

> *सुरुवातमैं सरकार गठन हुने विषय नै अन्यौल अवस्थामा छ भने दुई बर्षपछि अर्को प्रधानमन्त्रीको टुङ्गो लागेपछि मात्र प्रधानमन्त्री कुन दलको बन्ने टुङ्गो लाग्नेछ । यदि, काँग्रेसबाट प्रधानमन्त्री हुने निश्चित भएमा सो दलभित्र आधा दर्जन दावेदार रहेकाले अन्ततः संसदीय दलको बैठकबाट निर्णय हुनेछ । त्यसआधारमा सरकार बनाउनका लागि अझै धेरै कसरत हुन बाँकी छ । राजनीतिको मुख्य उद्देश्य सत्ताप्राप्ति नै हो । सिद्धान्त र जनताको भावना भन्ने विषय भऱ्याङ मात्र हो भनेर सम्झनुपर्छ । नेकपा (एमाले)ले निर्वाचनमा पार्टीले बहुमत ल्याएमा केपि ओली प्रधानमन्त्री हुने घोषणासँगै निर्वाचनमा होमिएको थियो । सत्तारुढ गठबन्धनले प्रधानमन्त्रीको रुपमा कसैको अनुहार अगाडि नल्याइ चुनावमा सहभागी भएका थिए । सत्तारुढ गठबन्धनमा यतिखेर, प्रधानमन्त्रीको आधा दर्जनभन्दा बढी दावेदार छन् ।*

**प्याकेजमैं सहमति**

केपि ओली वा माओवादीकेन्द्रले काँग्रेससँग सहमति गर्दा प्याकेजमैं सहमति खोज्ने छ । त्यो प्याकेजभित्र सङ्घीय सरकारको मन्त्रालयको बाँडफाँड, प्रदेश सरकारको नेतृत्व, राष्ट्रपति, सभामुखका साथै राजनीतिक नियुक्तिलगायतको विषयमा समझदारीपछि मात्र प्रधानमन्त्रीको विषयमा सहमति हुनेछ । यसका साथै, दुई बर्षपछि अर्को दलबाट प्रधानमन्त्री बनाउने विषयमा लिखित सहमतिको आवाज उठने नै छ ।

प्रदेश नं-१को प्रदेशसभामा सत्तारुढ गठबन्धन र राप्रपासहितको एमाले गठबन्धन वरावरको अवस्थामा रहेको देखिन्छ । समानुपातिक मतको आधारमा एक सिट जसपाले पाउने सम्भावना छ । त्यो एक मतनै निर्णायक मत हुनेछ । यसअघि, प्रदेश नं-१मा गठबन्धनभित्र काँग्रेस ठूलो दलको रुपमा रहेको भएपनि एकीकृत समाजवादीका राजेन्द्रकुमार राईको नेतृत्वमा सरकार गठन भएको थियो । अव, काँग्रेसले आफ्नो दावेदारी राख्ने स्वभाविक हो । अर्कोतर्फ, माओवादीकेन्द्रले सङ्घमा काँग्रेसलाई समर्थन गरेको आधारमा केही प्रदेशहरुमा आफ्ना मुख्यमन्त्रीको माग अगाडि सार्ने सम्भावना छ । काँग्रेसले एमालेसँग सहमति गर्दापनि प्रदेशको विषयमा एमालेले अधिकांस प्रदेशको नेतृत्वको दावी गर्ने छन् ।


**साना दलको भूमिका**

प्रत्यक्षतर्फ एक सिट र समानुपातिकबाट पाँच सिट गरी ६ सिट पाएका जनमत पार्टीका अध्यक्ष डा. सिके राउत सरकारमा सहभागी हुन बढी उताउलो भएका छन् । उहाँले सरकारमा सहभागी हुने अभिव्यक्ति पटक पटक दिनु भएको छ । विगत एक साताको अवधिमा उहाँ विभिन्न दलका नेताहरुसँग भेटघाट लाई तीव्र बनाउनुभएको छ । उपेन्द्र यादवलाई पराजित गरी निर्वाचित भएको कारणले हो कि के कारणले उहाँको खुट्टा भुईमा नटेकेको आभाष भइरहेको छ ।

अर्कोतर्फ, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले एमालेसँग केही सिटमा चुनावमा तालमेल भएको थियो । चुनाव सकिएपछि एमालेसँग कुनै तालमेल नरहेको स्पष्ट पार्नुभएको हो । उहाँले अव, पार्टीले नयाँ किसिमले निर्णय गर्ने स्पष्ट पार्नु भएको हो । यसैबीच, सुनसरीबाट निर्वाचित अशोक राईले धरानमा आयोजित एक कार्यक्रममा उपेन्द्रजी धारणा व्यक्तिगत रहेको बताएपछि सो पार्टीभित्र शक्ति सङ्घर्ष हुने आशङ्काले ठाउँ पाएका छन् । हुन त उहाँ एमालेको मतबाट जितेको कारणले धरानमा एमालेका कार्यकर्ताको मन राख्नका लागि बोल्नु भएको हो कि बास्तवमा उहाँले उपेन्द्र यादवलाई चूनौति दिन खोज्नु भएको हो भन्ने सम्बन्धमा सो पार्टीको बैठकबाट नै स्पष्ट हुनेछ ।

एमालेले सरकार बनाउन खोज्यो भने माओवादी केन्द्रका साथै राष्ट्रिय स्वतन्त्र पार्टीको पनि समर्थन चाहिन्छ । सो पार्टीका अध्यक्ष रवि लामिछानेले शुरु शुरुमा सरकार गठनमा सहयोग गर्ने कुरा बताएको थियो । तर, कसलाई समर्थन गर्ने विषयमा स्पष्ट गरेको छैन् । केपि ओलीले रविको पार्टीको जितमाथि ब्यङ्ग गर्दै 'हा हू' भनेकाले सम्भवतः एमालेलाई समर्थन नगर्नपनि सकिन्छ । हेरौं ! अव, प्रधानमन्त्रीको कुर्सी कसको भाग्यमा पर्नेछ । 'इतिश्री'

# नेपालमा मानवअधिकार राजनीतिक दाउपेचको एउटा शब्द



अधिवक्ता रवीन्द्र भट्टराई

मानवअधिकार विश्वव्यापी घोषणापत्र जारी भएको ७५ औं महोत्सव सन् २०२३ डिसेम्बर १० मा गर्ने गरी संयुक्त राष्ट्रसङ्घले यही २०२२ डिसेम्बर १० बाट एक वर्षे विशेष अभियान सुरु गर्दैछ । आउँदो आइतबार ७४ औं विश्व मानवअधिकार दिवस विश्वभर मनाइँदैछ । नेपालमा पनि विभिन्न कार्यक्रम हुने होलान् । आफूलाई नेपालका मानवअधिकार र न्यायका प्राधिकार दाबी गर्ने विधिशास्त्री, न्यायमूर्ति तथा न्यायविद्, विधिविज्ञ, राजनीतिकर्मी, बुद्धिजीवीदेखि कानुनव्यवसायीका रूपमा रहेका बुद्धिजीवीका लागि यो मानवअधिकार दिवसको सेरोफेरोमा बहसका लागि प्रधान न्यायाधीश चोलेन्द्र समसेर राणाको तातो विषय बौद्धिक मजाकको खुराक बनेको छ ।

नेपाल बार एसोसिएसनले पोखरामा गर्न लागेको ७४ औं मानवअधिकार दिवसको कार्यक्रम राणाकै विषयका कारणले काठमाडौंमा गर्ने गरी स्थान नै सारेको छ । प्रतिनिधिसभाले अविश्वासको प्रस्ताव पारित गर्ने सामर्थ्य नराखेका कारण अदालत फर्कन खोजेका राणाको कार्यालय प्रवेशमा रोक लगाउँदै बार एसोसिएसनले मनाउन लागेको मानवअधिकार दिवस कसकसका मानवअधिकारको सम्मान, संरक्षण, संवर्द्धन र परिपूर्ति गराउनका लागि मनाइँदैछ त्यो भने त्यति स्पष्ट देखिँदैन ।

**प्रसङ्ग शीर्षन्यायाधीशको मानवअधिकारको**

नेपाल बार एसोसिएसनको आग्रहमा २०७८ फागुन १ गते प्रतिनिधिसभाका सदस्यहरूले प्रधान न्यायाधीश राणाविरुद्ध महाअभियोगको प्रस्ताव प्रतिनिधिसभामा दर्ता गरे । संविधानको व्यवस्थाबमोजिम प्रतिनिधिसभामा अविश्वासको प्रस्ताव दर्ता भएपछि प्रधान न्यायाधीशले पदीय काम गर्न नपाउने कुरा (निलम्बन) को सूचना संसद् सचिवालय (महासचिव) द्वारै राष्ट्रपति, सर्वोच्च अदालतलगायतलाई दिएपछि राणा कार्यालय नगई निलम्बनलाई स्वीकार गरेर बसे । प्रतिनिधिसभाले दर्ता भएको प्रस्ताव आठ-नौं महिना विनाकारबाई लड्काएर राख्यो र त्यसपछि छानबिन समिति बनाएर छानबिन समितिले महापुर्पक्ष सुरु गऱ्यो र राणासँग महाबयान लिइयो। छानबिन समितिले छानबिन गरेर तार्किक निचोडमा नपुग्दै प्रतिनिधिसभाको नयाँ निर्वाचनको मिति घोषणा भयो र पनि छानबिन प्रतिवेदन सभामुखसम्म बुझाउने काम गऱ्यो। प्रतिनिधिसभाको अधिवेशन चलाइराखिएकै थियो र निर्णयार्थ महाभियोग प्रस्ताव सदनमा प्रस्तुत गरे केही दिनहरू बाँकी हुँदाहुँदै निर्णयार्थ प्रस्ताव गरिएमा प्रस्तावको पक्षमा चाहिँदो बहुमत नपुग्ने देखिएपछि त्यसलाई केही दिन शिथिल राखेर प्रतिनिधिसभाले आफ्नो कार्यकाल गुजाऱ्यो ।

महाभियोग 'प्रस्ताव' थियो । प्रतिनिधिसभामा प्रस्तुत कुनै पनि प्रस्ताव पेस गर्न अनुमति दिइयो तर त्यसलाई छलफल गरी निष्कर्ष ननिकाली छाडियो भने त्यस्तो प्रस्ताव तुइन्छ अर्थात् निष्क्रिय हुन्छ भन्ने कुरा प्रतिनिधिसभा कार्यव्यवस्था नियमावली २०७५ को दफा ६५ मा स्पष्टै छ। अधिवेशनको अन्त्यसँगै त्यस्तो प्रस्ताव हैसियतशून्य हुन्छ । महाभियोग प्रस्तावलाई पनि त्यही अर्थमा प्रभावशून्य भएको जानकारी तत्कालै संसद सचिवालयले सम्बन्धित निकायहरूलाई दिनुपर्थ्यो तर भदौको अन्त्य र असोजको पहिलो हप्तासम्म सरकार (कार्यपालिका) ले राणालाई सरकारी आवासमै नजरबन्दमा राख्यो । सरकारको यो कार्यलाई सर्वोच्च अदालतका तमाम न्यायधीश र नेपाल बार एसोसिएसन तथा सर्वोच्च बार एसोसिएसनका पदाधिकारीले कर्तल ध्वनिका साथ समर्थन गरे र खुसियाली मनाए ।

तत्कालीन कामु प्रधान न्यायाधीश दीपक कार्कीले संसद्बाट क्लिन चिट (फुकुवापुर्जी) लिएर आए राणालाई आफैंले सर्वोच्च अदालत परिसरको मूल फाटकमा फूलमाला लगाएर स्वागत गर्छु भनेका थिए। संसद् सचिवालयले सरकार र सभामुखको दबदबामा फुकुवापुर्जी लेखेर राणालाई दिन सकेन । संविधान तथा कानुनअनुसार राणाको प्रधान न्यायाधीशको कार्यकाल मङ्सिर २७ गतेसम्मको हो र त्यसपछि उनी उमेरका हदबाट स्वतः पदमुक्त हुन्छन् । यसैबीच उनले त्यो पदमुक्तिको हैसियतका निर्धारित गराइदिन संसदका महासचिवलाई निवेदन दिएछन् ।

**राणाको फुकुवापुर्जीः न्यायिक राजनीतिको तातो रोटी**

राणाको निवेदन सरोकारको विषयमा सूचनाको हकसम्बन्धी निवेदन हो । निलम्बित भयौ कामकाज नगर भनेर आफूलाई सूचित गर्ने अधिकारीसँग तत्विषयमा भएको कारबाई र नतिजाको जानकारी माग्ने पूरापूर हक थियो, छ र हुन्छ । यही कुरालाई मनन गरेर होला २१ गते संसद् सचिवालयले महाभियोग प्रस्ताव पारित हुने कारबाईमा नगएको र तुहिएको अवस्थाको जानकारी सम्बन्धित निकायमा पठायो । सर्वोच्च अदालत र नेपाल बार एसोसिएसनमा हाहाकार मच्चियो र राणालाई कार्यालय आउन रोक्नका लागि सर्वोच्च अदालतका कुनै इजलास नै बसेनन् भने नेपाल बार एसोसिएनका पदाधिकारी र समर्थक कानुनव्यवसायीहरू उनको प्रवेश रोक्ने मानवढाल भएर उत्रिए । सँगै सर्वोच्च अदालतले महासचिवलाई केकुन संवैधानिक र कानुनी प्रावधानअनुसार निलम्बन फुकुवापुर्जी लेख्यौ भनेर स्पष्टीकरण नै माग्यो । महासचिवको फुकुवापुर्जीको संवैधानिकताको प्रश्न उठाउँदै एउटा रिट निवेदन पनि दर्ता भयो र २३ गते त्यसको सुनुवाइ मिति तोकिएको छ ।

संसद् सचिवालयले महाभियोग प्रस्ताव तुहिएको जुन जानकारी अहिले सम्बन्धित निकायहरूलाई दिएको छ त्यसको तथ्यतः पक्ष (डिफ्याक्टो साइड) सबैका लागि घाम जतिकै छर्लङ्ग छ । नेपाल बार एसोसिएसनले उल्क्याएका केही सभासद्हरूले महाभियोग प्रस्ताव दर्ता गरे तर त्यसको छिनोफानो गर्ने प्रतिनिधिसभाको सिङ्गो सदन त्यस विषयको निष्कर्ष निकाल्न नसकेर नपुंसकतापूर्वक आफ्नो कार्यकाल टारेर गयो । महाभियोग प्रस्ताव पारित भएको भए राणा स्वतः पदमुक्त हुन्थे त्यति मात्र होइन उनले निवृत्तिभरण आदि सुविधा पनि नपाउने सुनिश्चित थियो तर प्रतिनिधिसभा प्रस्ताव पारित गर्नमा अक्षम रह्यो । पारित भएपछि स्वतः पदमुक्त हुन्छ भन्नाले प्रकारान्तर अर्थप्रस्तुति विधिअनुसार प्रस्ताव पारित नभए पदमा बहाल रहन्छ भन्ने अर्थ आउँछ । यस आधारमा राणा पदमा बहाल नै छन् । कारबाई गरी पदमुक्त गरिदिन अरण्य रोदन गर्दा पनि सम्बन्धित प्राधिकार (प्रतिनिधिसभा) ले पदमुक्त नगरिदएपछिको अवस्थामा नेपाल बार एसोसिएसनलाई त्यस्तो प्रधान न्यायाधीशलाई कार्यालय छिर्नै दिन्नौ भन्ने महाअधिकार कुन अन्तरराष्ट्रिय कानुन र संविधान तथा नेपाल कानुनले प्रदान गरेको छ? नेपाल बार एसोसिएसनले आफ्ना सदस्य कानुनव्यवसायीहरूलाई बताउनुपर्दैन?

नेपाल बार एसोसिएसनसँग आबद्ध थुप्रै कानुनव्यवसायीको प्रश्न छः राणालाई कार्यालय छिर्नमा मानवढाल बन्नुपर्ने भएकाले नै पोखरामा गर्न लागिएको कार्यक्रम रातारात स्थगित गरेर काठमाडौंमा सार्नुपरेको हो? नेपाल बार एसोसिएसन विधिको शासनको पहरेदार हो कि राणाविरुद्धको सर्वोच्च अदालत प्रशासनको ? राणाविरुद्धको वर्तमान संवैधानिक र कानुनी आधारविनाको प्रतिरोध वा विरोध कानुनव्यवसायीको स्वतन्त्र न्यायपालिकाको रक्षकका रूपमा कि राजनीतिक दलका प्रतिनिधि वकिल कार्यकर्ताको हैसियतमा भैरहेको हो? नेपालमा कानुनव्यवसाय गर्ने सम्पूर्ण कानुनव्यवसायीको यो कुराको जानकारी पाउने मानवअधिकार छ कि छैन? यी सबै प्रश्नले अहिले राणाविरुद्ध अदालत प्रशासन र नेपाल बार एसोसिएनबाट भैरहेका प्रतिरोधहरूले न्यायिक राजनीतिक पराकाष्टा दर्साइरहेका छन् ।

**को को संविधान र कानुन चल्छन ?**

गफ सबैले मानवअधिकार विधिको शासन न्याय र कानुनको हवाला दिएरै गर्छन् । न्यायलाई न्यायाभासमा बदल्नका लागि कल, बल छल अर्थात् छल जाति वितण्डा र निग्रहस्थानको हदै दुरुपयोग गरिन्छ । हामी न्याय होइन न्यायाभासको शासनमा छौं । अहिले राणालाई फुकुवापुर्जी दिने अधिकार कुन कानुनले दियो भन्ने प्रश्न गरिँदैछ । महासचिवले त्यसको जवाफ अब सर्वोच्च अदालत प्रशासनलाई दिने स्पष्टीकरणमा र परेको रिट निवेदनउपर प्रत्युक्ति दिँदा लिखित जवाफमा देलान् नै । उनलाई अहिले गरिएको प्रश्न उठाउनेहरूसँग भने यो लेखकको प्रतिप्रश्न छः फागुन १ गतेको निलम्बनको जानकारी दिने पत्र महासचिवले संविधानको कुन धारा र नेपाल कानुनको कुन प्रावधान बमोजिम दिएका थिए र सर्वोच्च अदालत प्रशासनलगायतका राज्यका प्राधिकार हरूले राणालाई प्रधान न्यायाधीशको हैसियतको कामबाट निस्तेज गराउने कुरालाई स्वीकार गरेका थिए? कानुनव्यवसायको एक सिकारु मन्दबुद्धिले चाहिँ के बुझ्छ भने जुन आधारमा जुन अधिकारीले निलम्बनको चिठी दिइएको थियो त्यही आधारमा निलम्बन फुकुवाको चिठी पनि त्यही अधिकारीले दिन मिल्छ। फुकुवा पुर्जी केकसरी कुन संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार दियौ? महासचिवलाई स्पष्टीकरण सोध्ने सर्वोच्च अदालत प्रशासनलाई प्रतिप्रश्न के हुन सक्छ भने विधायिकाको प्रमुख कार्यकारी अधिकारीलाई न्यायपालिकाको प्रशासनले यस्तो विषयमा निजको कानुनी पदीय अधिकारको प्रयोगका सम्बन्धमा स्पष्टीकरण माग्नेचाहिँ संविधान र कानुनको कुनकुन प्रावधान हुन् त? स्पष्टीकरण माग्नेले म यो कानुनको अधिकार प्रयोग गरी तिमीसँग स्पष्टीकरण मागिरहेको छु भन्नु पर्दैन?

अर्थात् समग्रमा हामी न्यायभासका लागि भ्रमहरूमा टेकिएर कानुनको हवाला दिन्छौं । अधिकारलाई नागरिक मौलिक वा मानवअधिकारको आलोकबाट होइन शासकीय र राजनीतिक शक्ति (पोलिटिकल पावर) को रूपमा दुरुपयोग गर्न चाहन्छौं । हाम्रो मूल कार्यसूची विधिको शासन, न्याय र मानवअधिकारको प्रत्यक्षीकरण हुँदै होइन।


**र पनि मानवअधिकार दिवस त मनाऔं**

नेपालमा मानवअधिकार आफैं एउटा राजनीतिक दाउपेचको शब्द हो । मानवअधिकारको सम्मान, पालन, संरक्षण, संवर्द्धन र परिपूर्तिको अभिभारा राज्यका अधिकारीहरूको हो । नागरिक अधिकार धारक (राइट होल्डर्स) हुन् भने विधायिका, कार्यपालिका र न्यायपालिकाअन्तर्गत राज्यशक्तिको प्रयोग गर्नेहरू मानवअधिकार कानुनका दृष्टिकमा कर्तव्यबाहक (ड्युटी बियरर्स) हुन् तर नेपालमा मानवअधिकारको त्यसरी अर्थापन गरिँदैन । विधिको शासनको मूल मर्म न्याय हो र न्याय भनेको सबै तहमा नागरिकका मानवअधिकारहरूको प्रत्यक्षीकरण (रियलाइजेसन) हो । मानवअधिकार दिवस त हामीले पोहोर पनि यसैबेला मनायौं । गत वर्षको डिसेम्बर १० देखि आजसम्म नेपालमा कति नेपालीका मानवअधिकारका उल्लङ्घन केकति भए? अभियोग नै लगाउन नमिल्ने कति निर्दोषले न्यायका नाउँमा आफ्नो स्वतन्त्रताको शिरोच्छेदन अदालतबाटै गराएर कारागारका छिँडीमा जीवन गुजारिरहेका होलान्? कतिले आर्थिक सामाजिक र सांस्कृतिक अधिकारको उपभोग गर्नै नपाएर ज्यान गुमाउनुपऱ्यो होला? ती सबै त तपसिलका कुरा न हुन् । समग्रमा नेपालमा मानवअधिकार र न्यायको नाउँमा चलखेल गरिँदो न्यायाभासको अभ्यासले मानवअधिकारको मर्ममा मात्र प्रहार भइरहेको होइन। विधिको शासनको पनि शिरोच्छेदन हुँदैछ र सबैले कानुनका मातहतमा रहेर कानुनबमोजिम मात्र चल्ने भन्ने अवधारणा उर्ध्व होइन अधोगतितर्फ धकेलिँदो छ । अर्थात् अनर्थ र स्वार्थको भुँमरीमा अधिकार र न्यायको उपहास हुँदैछ विधिको शासनको शिरोच्छेदन भएर छिन्न मस्त बन्दैछ ।

जुन मुलुकको राज्य व्यवस्थाले देशको न्यायपालिकाको प्रमुखको मानवअधिकार र न्याय के हो भनेर त जनतालाई स्पष्ट सूचना दिन सक्दैन र त्यसैमा सिङ्गो सरकार (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका) नै 'कुइराको काग' जस्तो छ त्यो मुलुकको राज्यव्यवस्थाबाट आमनागरिकको मानवअधिकारको रक्षा, सम्मान, पालन, संरक्षण, संवर्द्धन र परिपूर्ति गर्ने कुरा 'आकाशको फल' वा 'वीरबलको खिचडी पकाइ' हो । तर केही छैन डिसेम्बर १० एउटा पवित्र तिथि हो, बिरालो बाँधेरै भए पनि यो मङ्सिर २४ गते मानवअधिकारलाई विश्वव्यापी प्रतिमान बनाउनेहरूलाई श्रद्धा व्यक्त गरौं ।श्रोतः आइएनएस-स्वतन्त्र समाचार

# एमालेका ३४ प्रतिनिधिसभाका समानुपातिक सांसद

काठमाण्डु । नेकपा (एमाले)ले प्रतिनिधिसभा र प्रदेशसभाको समानुपातिकतर्फका सांसदको नाम टुङ्गो लगाएको छ। शनिवार ललितपुरस्थित पार्टी कार्यालयमा बसेको सचिवालय बैठकले प्रतिनिधिसभाका ३४ र सातवटै प्रदेशसभाका ९१ सांसदको टुङ्गो लगाएको छ।



एमाले प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङका अनुसार प्रतिनिधिसभातर्फ ३४ जनामा महिला २२ र पुरुष १२ जना रहेका छन् । उहाँका अनुसार आदिवासी जनजातितर्फ देवीप्रसाद भट्टचन, हेमराज राई, कालुराम राई र महिलातर्फ नैनकला थापामगर, सूर्यकुमारी श्रेष्ठ, उर्मिला थेवे, ईश्वरी घर्ती, रणकुमारी बलम्पाकी मगर, शान्ति श्रेष्ठ र सरस्वती सुब्बा रहनुभएको छ।

खस आर्यतर्फ पुरुषतर्फ रघुजी पन्त, एकनाथ ढकाल र पिछडिएको क्षेत्रबाट दयालबहादुर शाही रहनुभएको छ। महिलातर्फ मेनुकाकुमारी पोखरेल, सरिता भुसाल, शोभा ज्ञवाली, विजुला रायमाझी, निर्मला कोइराला, सम्झना थपलिया, दीपा शर्मा र सुनिता बराल, थारू महिलातर्फ आश्माकुमारी चौधरी र शान्ति चौधरी रहनुभएको छ।

दलित पुरुषतर्फ ईश्वरबहादुर रिजाल, प्रभु हजारा पासवान र चन्द्रबहादुर विश्वकर्मा तथा महिला दलिततर्फ रुकमणि राणा बराइली र हर्कमाया विश्वकर्मा रहनुभएको छ।

मधेसी पुरुषतर्फ गङ्गाप्रसाद यादव, अमृतराज लालवंशी, महिला मधेसीतर्फ बिनादेवी, अमृतादेवी अग्रहरि र प्रतिक्षा तिवारी मुखिया तथा मुस्लिमतर्फ सराज अहमद फारकी रहनुभएको प्रचार विभाग प्रमुख गुरुङले जानकारी दिनुभयो । आज पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षमा सचिवालय बैठक बसेको थियो ।रासस

## राष्ट्रिय स्वतन्त्र पार्टीले छानेका समानुपातिक सांसद

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिक निर्वाचन प्रणालीतर्फको प्रतिनिधिसभा सदस्यको नामावली निर्वाचन आयोगलाई बुझाएको छ।

पार्टीको शनिवार बसेको केन्द्रीय समितिको बैठकले समानुपातिकतर्फको बन्द सूचीमा रहेकाबाट अन्तिम नामावली आयोगमा बुझाएको हो। पार्टी प्रवक्ता डा मुकुल ढकालका अनुसार पार्टीका तर्फबाट १३ जनाको नाम आयोगमा बुझाइएको हो। रासस

## शिक्षा विकासको पहिलो शर्त : प्रदेश प्रमुख खापुङ

विराटनगर । प्रदेश नं १ का प्रदेश प्रमुख पर्शुराम खापुङले शिक्षा विकास निर्माणको पहिलो शर्त भएको बताउनुभएको छ।

शनिवार मोरङको उर्लाबारी नगरपालिकामा सुनपकुवा माध्यमिक विद्यालयको ६५औं वार्षिकोत्सवमा बोल्दै उहाँले सामुदायिक विद्यालयको गुणस्तर बढाउन र विद्यार्थी तथा अभिभावकलाई आकर्षित गर्न विद्यालयले प्रविधिमैत्री शिक्षामा जोड दिनुपर्ने बताउनुभयो।

सामुदायिक विद्यालयमा विशेष गरी आर्थिक अवस्था कमजोर भएका परिवारका सन्तान पढ्ने गरेको भन्दै उहाँले शैक्षिक प्रणालीलाई आवश्यताका अधारमा परिवर्तन गर्दै उत्पादनमुखी, सर्वसुलभ र प्रविधिमैत्री बनाउनुपर्ने बताउनुभयो । गरिबका छोराछोरीलाई पनि गुणस्तरीय शिक्षा उपलब्ध गराउनका लागि सङ्घ, प्रदेश र स्थानीय तहका सरकारले काम गर्नुपर्ने बताउनुभयो।

विसं २०१४ मा स्थानीयवासीको चन्दा सङ्कलनबाट स्थापना भएको विद्यालयले ६५औं वर्ष पूरा गरेको छ। हाल विद्यालयमा कक्षा १ देखि कक्षा १२ सम्म गरेर एक हजार तीन सय ३९ विद्यार्थी अध्ययनरत छन् । कार्यक्रम मङ्सिर २४, २५ र २६ गते तीन दिनसम्म सञ्चालन हुनेछ।रासस

# पीडितलाई यथाशीघ्र न्याय उपलब्ध गराउन सरकार सचेत छ : प्रधानमन्त्री देउवा




काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवाले द्वन्द्वपीडितको माग छिटो सम्बोधन गरी पीडित परिवारलाई यथाशीघ्र न्याय उपलब्ध गराउने प्रतिज्ञा गर्नुभएको छ । आज यहाँ आयोजित ७४औँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा राष्ट्रिय मानवअधिकार आयोगद्वारा आयोजित कार्यक्रममा प्रधानमन्त्री देउवाले शुभकामना दिँदै द्वन्द्वपीडित र परिवालाई यथाशीघ्र न्याय दिन सरकार सचेत रहेको बताउनुभयो।

'मानवअधिकारको विशेष संरक्षण र संवर्द्धन गर्न सरकार प्रतिबद्ध छ', उहाँले भन्नुभयो, "द्वन्द्वपीडितको माग छिटो सम्बोधन गरी पीडित र पीडित परिवारलाई यथाशीघ्र न्याय गर्न सरकार सचेत छ। उहाँले राष्ट्रिय मानवअधिकार आयोगको कामको प्रशंसा गर्दै आयोगका समस्या र गुनासोको सम्बोधन गर्ने आश्वासनसमेत दिनुभयो।

कार्यक्रममा आयोगका अध्यक्ष तपबहादुर मगरले सशस्त्र द्वन्द्वकालीन पीडितको न्याय विषय अनिश्चित बन्दै गएको बताउनुभएको थियो। "सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूलाई अधिकार सम्पन्न बनाउने कार्यमा सर्वोच्च अदालतको आदेश, यस आयोगको सिफारिस र अन्तर र्ाष्ट्रिय मापदण्ड अनुकूल कानुनी व्यवस्था हुन नसक्दा सशस्त्र द्वन्द्वकालीन पीडितहरूको न्यायको विषय अनिश्चित बन्दै भएको छ।'

उहाँले फौजदारी कसुरका आरोपी तथा पुर्पक्षमा रहेका व्यक्ति र आयोगले मानवअधिकार उल्लङ्घनमा दोषी भनी कारबाहीका लागि सिफारिस गरेका व्यक्तिलाई समेत राजनीतिक दलले उम्मेदवार बनाएको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो।

लैङ्गिक हिंसा, जातीय विभेद तथा छुवाछूतका घटनामा पीडितको न्यायमा सहज पहुँच नभएको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "समावेशितालाई संविधानअनुसार अङ्गिकार गरी कार्यान्वयनमा ल्याउनु सरकार, राजनीतिक दल र सबै सरकारको दायित्व हो । तर निर्वाचनमा समानुपातिक समावशिताको विषय केवल कानुनी र प्राविधिक विषयमात्र बन्नु दुःखद् पक्ष हो।'

कार्यक्रममा डा गौरी शङ्करलाल दास र प्रतिमा गुरुङलाई स्व दयाराम स्मृति सम्मानबाट पुरस्कृतसमेत गरिएको छ । यस वर्ष सबैका लागि मर्यादा, स्वतन्त्रता र न्याय भन्ने मूल नाराका साथ ७४औँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाइएको हो । सन् १९४८ को डिसेम्बर १० का दिन मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको थियो । यो घोषणापत्र जारी भएको दिनलाई अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका रूपमा मनाउँदै आइएको छ।रासस

# नेकपा (एकीकृत समाजवादी) ले बुझायो समानुपातिक सदस्यको नाम

काठमाण्डु। नेकपा (एकीकृत समाजवादी)ले प्रदेशसभातर्फका समानुपातिक सदस्यको नाम टुङ्गो लगाएको छ।

पार्टी अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा शनिवार बसेको १३औं स्थायी समितिको पूर्ण बैठकले निर्वाचन आयोगले तोकेर पठाएको सूचीका आधारमा सदस्यको नाम छनोट गरिएको पार्टीका प्रचार विभागका प्रमुख एवं उपमहासचिव जगन्नाथ खतिवडाले जानकारी दिनुभयो।

जसअनुसार प्रदेश नं १ बाट विद्या चाम्लिङ राई सिफारिस हुनुभएको छ भने मधेस प्रदेशबाट रत्नेश्वर गोइत यादव, किशोरी देवी र लक्ष्मी देवीको नाम सिफारिस हुनुभएको छ।

साथै बागमती प्रदेशबाट मायादेवी शर्मा र ओमकुमारी श्रेष्ठको नाम सिफारिस भएको छ भने लुम्बिनीबाट भगवती अधिकारीको नाम सिफारिस गरिएको छ । पार्टीले कर्णालीबाट कल्याणी खड्का र सुदूरपश्चिमबाट माया पन्तको नाम सिफारिस गरेको छ।

सिफारिस सदस्यको नाम आजै निर्वाचन आयोगमा पठाइएको छ। सम्मानित नेता झलनाथ खनालको सहभागिता रहेको बैठकले निर्वाचनको प्रारम्भिक समीक्षा गरी आगामी पुस ५ गतेभित्रमा सबै जिल्लाको निर्वाचन विस्तृत समीक्षा प्रतिवेदन केन्द्रमा पठाउन निर्देशनसमेत गरेको छ।रासस

# अपेक्षित परिणाम प्राप्त नहुनुको कारण खोजी गरिन्छ : अध्यक्ष दाहाल

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधिसभामा अपेक्षित परिणाम प्राप्त नहुनुको कारण खोजी गरिने बताउनुभएको छ। प्रदेशसभातर्फ विसं २०७४ को जस्तै नतिजा प्राप्त भएको भए पनि प्रतिनिधिसभामा अपेक्षित नतिजा हासिल हुन नसक्नुका पछाडिका कारण खोजी गरी पार्टीले त्यसको उचित समाधान गर्ने उहाँको भनाइ छ।



पार्टी सम्बद्ध नेपाल राष्ट्रिय कर्मचारी महासङ्घको १५औँ स्थापना दिवसका अवसरमा आज आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले माओवादीले निर्वाचनमा अपेक्षित नतिजा हासिल गर्नुको अर्थ राष्ट्रिय राजनीतिमा कमजोर नभएको बताउनुभयो । उहाँले मुलुकको राजनीतिमा आफ्नो पार्टीको भूमिका अहिले पनि केन्द्रीय नै रहेको र त्यसलाई कसैले खोस्ने स्थिति नभएको अध्यक्ष दाहालको भनाइ छ । राष्ट्रिय राजनीतिमा एजेण्डाका हिसाबले माओवादीकै एजेण्डा केन्द्रमा रहेको उहाँको भनाइ छ।

इमान्दारिताकासाथआत्मसमीक्षा गरेर अगाडि बढेको खण्डमा माओवादी पुनः विस्तारित हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।उहाँले निराश वा चिन्तित भएर नभई आफूहरू प्रतिबद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। अध्यक्ष दाहालले आगामी दिनमा आफूलाई रुपान्तरित गरेर अगाडि बढ्नुपर्ने प्रतिबद्धता सबैले गर्न सकेको खण्डमा पुनः विजयी हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले गम्भीर आत्मसमीक्षाको जरुरी रहेको उल्लेख गर्दै अध्यक्ष दाहालले रुपान्तरणका लागि दृढताका साथ प्रतिबद्धता गर्नैपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "जितपछि हार, हारपछि जित यो स्वभाविक प्रक्रिया हो। हारेपछि फेरि यो के भयो भनेर गम्भीररूपमा छातीमा हात राखेका समीक्षा गर्नुपर्छ।' उहाँले सूचना प्रविधिको उचित प्रयोग गर्नुपर्नेमा समेत जोड दिनुभयो। उहाँले आगामी दिनमा विचार र दृष्टिकोणसहित सूचना र प्रविधिको समुचित प्रयोग गर्ने बताउनुभयो। कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाल र राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष मीनबहादुर श्रेष्ठले जनअपेक्षा र समायानुकूलरूपमा काम गर्न कर्मचारी प्रशासनलाई आग्रह गर्नुभयो।

**खेलकुद अर्थतन्त्र र अन्तर्राष्ट्रिय भाइचारा विकासको माध्यम : अध्यक्ष दाहाल**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले खेदकुद जनता-जनताबीचको सम्बन्धलाई सुदृढ गर्ने माध्यमका रूपमा रहेको बताउनुभएको छ। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आजदेखि सुरु भएको १८ वर्षमुनिको एसिया रग्बी प्रतियोगिताको उद्घाटन गर्दै उहाँले खेलकुदले देशको अर्थतन्त्र र अन्तर्राष्ट्रिय भाइचाराको विकासमा ठूलो भूमिका निर्वाह गर्ने बताउनुभयो।रासस

# पर्वतीय पर्यटनमा नेपालको प्रचूर सम्भावना-उपराष्ट्रपति पुन



गण्डकी । उपराष्ट्रपति नन्दबहादुर पुनले पर्वतीय पर्यटनमा नेपालको प्रचूर सम्भावना रहेको बताउनुभएको छ।

विश्वपर्यटन दिवसका अवसरमा नेपाल पर्वतारोहण सङ्घद्वारा, अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय पोखरामा आयोजित सातौं पर्वतीय महोत्सवको आज उद्घाटन गर्दै उपराष्ट्रपति पुनले पर्वतीय पर्यटनका धेरै सम्भावनालाई अझै पनि अपेक्षित उपयोग गर्न नसकिएको बताउनुभयो।

नेपाल प्राकृतिकरुपमा सम्पन्न भएको बताउँदै उहाँले यस्ता सम्पन्नतालाई पर्यटकीयरुपमा उपयोग गर्दै समृद्धि हासिल गर्न सकिनेमा जोड दिनुभयो। प्रकृति र संस्कृतिसँगै विभिन्न जातजाति भाषाभाषीका विविधता हाम्रो सम्पत्ति भएको उल्लेख गर्दै उपराष्ट्रपति पुनले तिनको भरपुर उपयोग गर्नुपर्नेमा जोड दिनुभयो।

विश्वका आठ हजारभन्दा बढी उचाइका १४ वटा हिमचुचुरामध्ये सगरमाथासहित आठ वटा नेपालमै पर्छन। उहाँले पर्वतीय पर्यटनका माध्यमबाट यहाँको पर्यटनमा विशिष्ट योगदान हुनसक्ने धारणा राख्नुभयो।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले प्रकृति र संस्कृतिका विविधता रहेको नेपाल हिमाल पहाड र तराई गरी भौगोलिक संरचनामा विभक्त भएको बताउनुभयो।

जैविक विविधता पनि यहाँको अर्को महत्वपूर्ण पक्ष भएको बताउँदै उहाँले यसको संरक्षण र उपयोगमा जोड दिनुभयो। पदयात्रासँगै साहसिक पर्यटकका विभिन्न गतिविधिका माध्यमबाट पर्यटकीय विकास सम्भव भएको बताउँदै मन्त्री श्रेष्ठले साधनस्रोतलाई उपयोग गर्दै रोजगारीका अवसर सिर्जना गर्न सकिने बताउनुभयो।

गण्डकी प्रदेशका पर्यटन उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्थामन्त्री मणिभद्र शर्मा कँडेलले पछिल्ला समयमा जलवायु परिवर्तनको असर हिमाली एवं पर्वतीय क्षेत्रमा पर्न थालेको बताउनुभयो । नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष निवानार्बु शेर्पाले पर्वतीय पर्यटनको संरक्षण र विकासमा राज्यको ध्यान पुग्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

कार्यक्रममा पर्वतारोहणका क्षेत्रमा विशिष्ठ योगदान गर्ने विभिन्न व्यक्तित्वलाई उपराष्ट्रपति पुनले कदरपत्र, मेडल र दोसल्लासहित सम्मान गर्नुभएको थियो।

उक्त अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारीले मन्त्रालयले पर्यटनको दिगो विकासका लागि ७३ बुँदे कार्ययोजना अघि सारेको जानकारी दिनुभयो।

विश्वपर्यटन दिवसका अवसरमा आयोजित महोत्सव मङ्सिर २४ र २५ गते दुई दिनसम्म सञ्चालन हुने र पर्वतीय महत्वमा विभिन्न ३० वटा कक्ष रहेको नेपाल पर्वतारोहण सङ्घका प्रथम उपाध्यक्ष एवं अन्तराष्ट्रिय पर्वतीय सङ्ग्रहालयका संयोजक ठाकुरराज पाण्डेले जानकारी दिनुभयो। रासस

# देशले यतिखेर साझा सहमतिको विन्दु खोजेको छ : अध्यक्ष नेपाल

काठमाण्डु। नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले देशले यतिखेर साझा सहमतिको विन्दु खोजेको बताउनुभएको छ । भक्तपुरको सूर्यविनायक नगरपालिका-५ सूर्यनगरमा सूर्यनगर टोल विकास समाजले आज आयोजना गरेको नवनिर्वाचित प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यलाई बधाई, शुभकामना तथा चियापान कार्यक्रममा उहाँले देशले एकता र साझा सहमतिको विन्दु खोजेको बताउनुभयो।



जनताले निर्वाचित गरेका नेताहरुले आफूप्रति इमान्दारिता र जनताप्रति बफादार भएर लाग्नुपर्ने औँल्याउँदै उहाँले भन्नुभयो, "हामी आफ्ना आफ्ना खुबी, क्षमता, वाक कटुता, व्यक्तिको छाप प्रयोग गरी राजनीतिक खेलको मैदानबाट उत्रिएका छौँ, जित्नु ठूलो कुरा होइन, जनतासँग हामीले जुन प्रतिबद्धता व्यक्त गरेका छौँ, त्यो पूरा गर्न इमान्दार र जनताप्रति बफादार भएर काम गर्नुपर्छ।'

चुनावमा गरेका प्रतिबद्धता पूरा गर्न जनतासँग जोडिएर अगाडि बढ्नुपर्नेमा जोड दिँदै अध्यक्ष नेपालले जनताको आवाज सुन्ने, उनीहरुको पीडालाई सम्बोधन गर्ने, जनताको असीमिति चाहना, इच्छा र माग पूरा गर्न तथा अत्यावश्यक चाहनालाई पूरा गर्ने काममा लाग्नुपर्नेमा जोड दिनुभयो।

जनताले मन पराएका छैनन् भने नेताहरुले फकाउन सक्नुपर्ने उल्लेख गर्दै अध्यक्ष नेपालले जनतालाई फकाउन, मिलाउन र साथमा लिएर समस्या समाधानमा लाग्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "आश्वासन दिँदा त्यहाँ ठाउँ राख्नुपर्छ, जनताका सबै माग पूरा गर्न सकिँदैन, सक्दो कोसिस गर्नुपर्ने हुन्छ।' अध्यक्ष नेपालले नेपालको अर्थतन्त्र सङ्कटतर्फ बढेको भन्दै यसलाई कसरी सुधार्ने भनेर समीक्षा गर्नु आवश्यक रहेको बताउनुभयो । राजनीतिक परिवर्तनसँगै अब आर्थिक परिवर्तन र विकासको दायित्व पूरा गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

कार्यक्रममा भक्तपुर क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित नेपाली कांग्रेसका सभापति दुर्लभ थापाले अहिलेको आवश्यकता सरकारको नेतृत्व कसले गर्नेभन्दा पनि देशमा स्थायित्व दिन सक्ने, समृद्धिका लागि कहीँ, कतै नअलमलीकन अगाडि बढ्ने गरी स्थिर सरकार निर्माण गर्नुपर्ने बताउनुभयो।

भक्तपुर क्षेत्र नं २ (१) बाट निर्वाचित बाग्मती प्रदेशसभा सदस्य किरण थापाले भोट माग्न जाँदा जनतासँग गरेका वाचा पूरा गर्ने प्रतिबद्धता जनाउनुभयो। भक्तपुर क्षेत्र नं २ (१) बाट निर्वाचित बाग्मती प्रदेशसभा सदस्य डा राजेन्द्रमान श्रेष्ठले व्यवस्थित रुपमा विकासका पूर्वाधार निर्माण गर्दै जनतासँग गरेका प्रतिबद्धता पूरा गर्ने बताउनुभयो।

कार्यक्रममा नेपाली कांग्रेस सूर्यविनायक नगर सभापति निशान ढुङ्गेल, जिल्ला खेलकुद विकास समिति भक्तपुरका अध्यक्ष दीपक थापा, सूर्यनगर टोल विकास समाजका सल्लाहकार एवं नेपाल पत्रकार महासङ्घ भक्तपुरका सचिव गोविन्द चौलागाईं, समाजका अध्यक्ष एवं कार्यक्रमका सभापति बालकृष्ण न्यौपानेलगायतले यहाँका खानेपानी, सडकलगायत समस्याबारे चर्चा गर्नुभएको थियो।

गायक नवीन कार्कीले कार्यक्रममा विभिन्न गीतहरु प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय समाचार समितिका महाप्रबन्धक सिद्धराज राई, प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत, नेपाल टेलिभिजनका महाप्रबन्धक फूलमान बललगायतको उपस्थिति रहेको थियो।रासस

# जनमत पार्टीले बुझायो समानुपातिक सांसदको नाम

काठमाण्डु । जनमत पार्टीले समानुपातिक सदस्यको नाम निर्वाचन आयोगमा बुझाएको छ । प्रतिनिधिसभा सदस्यमा प्रत्यक्षतर्फ एक सिट जितेको पार्टीले समानुपातिकतर्फ पाँच सिट प्राप्त गरेको थियो।

पार्टीले प्रतिनिधिसभा समानुपातिक सदस्यमा अनिता साह र वशन्तकुमार कुशवाहा (मेधशी), सोनु मुर्मर र बिनिताकुमारी सिंह (आदिवासी जनजाति), अब्दुल खान (मुस्लिम) र गोमा लामा सापकोटा (खस आर्य)लाई सिफारिस गरेको छ।

त्यसैगरी प्रदेशसभाको समानुपातिक सदस्यमा मधेस प्रदेशमा बबिता राउत र अनिताकुमारी साह (मधेशी महिला), चन्दनकुमार सिंह (मधेशी अल्पसंख्यक), रञ्जुकुमारी खंग (खत्वे) (दलित महिला), वशन्तकुमार कुशवाहा (मधेशी, हसिना खातुन (मुस्लिम महिला) र भाग्यश्री कुमारी चौधरी आदिवासी जनजाती महिला सिफारिस गरिएको पार्टीका उपत्यका इन्चार्ज हरेन्द्र चौधरीले जानकारी दिनुभयो।

पार्टीले लुम्बिनी प्रदेशमा समानुपातिक सदस्यमा सुमन शर्मा रायमाझी र आदिवासीतर्फ गिता गुरुङलाई सिफारिस गरेको छ।

जनमत पार्टीले प्रत्यक्षतर्फ प्रतिनिधिसभामा एक सिट र प्रदेशसभामा मधेस प्रदेशमा छ र लुम्बिनीमा एक गरी सात प्रदेशसभा सदस्य जितेको थियो।रासस

# माओवादी केन्द्रले छान्यो १४ समानुपातिक सांसद

काठमाण्डु।नेकपा(माओवादी केन्द्र)ले समानुपातिकतर्फको १४ जनाको अन्तिम नामावली छनोट गरेको छ।

माओवादी केन्द्रले निर्वाचन आयोगमा बुझाएको अन्तिम सूचीअनुसार दुर्गा राई, मीना तामाङ, उर्मिला माझी पौडेल, छिरिङल्यामु लामा तामाङ, हितराज पाण्डे, ज्ञानु बस्नेत सुवेदी, विमला सुवेदी, नारायणी शर्मा, रुपा सोसीचौधरी, रणेन्द्र बराइली, सुशीला श्रीपाली ठकुरी, मीना यादव, उमरावतीदेवी यादव र कल्पना मियाँ रहनुभएको छ। माओवादी केन्द्रको शनिवार बसेको केन्द्रीय पदाधिकारीको बैठकले तीनामावलीलाई अन्तिम रुप दिएको हो।

यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा माओवादी प्रत्यक्षतर्फ १८ स्थानमा विजयी भएको थियो।

यस्तै समानुपातिक निर्वाचन प्रणालीतर्फ १४ सिट प्राप्त गरेको थियो । पदाधिकारीको बैठकले टुङ्गो लगाएका नाम निर्वाचन आयोगमा बुझाइसकेको माओवादी केन्द्रीय कार्यालयले जनाएको छ। रासस

# बङ्गलादेशमा विपक्षी दलको कडा विरोध, विपक्षी सांसदद्वारा सामुहिक राजीनामाको घोषणा

**एएफपी**

ढाका । नयाँ निर्वाचनको माग गर्दै प्रधानमन्त्री शेख हसिनाको सरकारविरुद्धको आन्दोलनमा बङ्गलादेशको प्रमुख प्रतिपक्षी दलका करिब एक लाख समर्थक शनिबार ढाकामा भेला भएका छन् ।

विपक्षी बङ्गलादेश नेशनलिस्ट पार्टी (बीएनपी) का सबै सात सांसदले उक्त कार्यक्रममा संसदबाट राजीनामा दिने घोषणा गरेका छन् । यससँगै देशको विधायिकालाई मुख्यतया रबर स्ट्याम्पको रूपमा छोड्नेछ । यद्यपि हसिनाको पार्टीसँग दुई तिहाइभन्दा बढी बहुमत थियो ।

पश्चिमा सरकार र संयुक्त राष्ट्रसङ्घले बङ्गलादेशको राजनीतिक वातावरणप्रति चिन्ता व्यक्त गरेका छन् ।

यो एसियाको सबैभन्दा तीव्र गतिमा वृद्धि भइरहेको अर्थतन्त्रमध्ये एक हो तर युक्रेन युद्धले सरकारलाई ग्यास र डिजेलको आयात स्थगित गर्न बाध्य बनाएको छ । बिजुली कटौती र ईन्धनको मूल्य वृद्धिले हालैका महिनाहरूमा प्रदर्शनहरू सुरु भएका छन् ।

बङ्गलादेशी टाका २५ प्रतिशतसम्म अवमूल्यन भएको छ, जसले खाद्यान्न आयातको लागत बढाएको छ र गरीब र निम्न मध्यम वर्गका मानिसहरूलाई असर पारेको छ ।

'अटोरिक्सा' चालक रसेल मियाँले खाद्यान्न र अन्य वस्तुको बढ्दो मूल्यवृद्धिप्रति आक्रोश व्यक्त गर्न र्‍यालीमा सामेल भएको बताउनुभयो । उहाँले मूल्यवृद्धिका कारण आफ्नो परिवारलाई नियमित छाक टार्न संघर्ष गर्नुपरेको बताउनुभयो ।
म उत्पीडनको सिकार भएको छु,' उहाँले भन्नुभयो । उहाँले भन्नुभयो, "म आज यहाँ मेरो वर्तमान अवस्थाका लागि जिम्मेवार व्यक्तिहरूको विरोध गर्न आएको हुँ ।'

बङ्गलादेशका आधा दर्जनभन्दा बढी टेलिभिजन समाचार च्यानलले उक्त विरोध प्रदर्शनलाई स्थान दिएनन् । यसो हुनुमा अधिकारीहरूले उनीहरूलाई त्यसो नगर्न दबाब दिएको आशङ्का आन्दोलनकारीले गरेका छन् ।

बिएनपीका एक अधिकारीका अनुसार मध्याह्नसम्ममा लाखौं मानिस र्‍यालीमा सहभागी भएका थिए । प्रवक्ता जहिरुद्दिन स्वपनले एएफपीसँग भन्नुभयो, "हाम्रो मुख्य माग शेख हसिनाको राजीनामा र संसद विघटन र तटस्थ कामचलाउ सरकार गठन गरी स्वतन्त्र र निष्पक्ष निर्वाचनको कदम चाल्नु हो ।'

नाम नबताउने शर्तमा एक वरिष्ठ सुरक्षा अधिकारीले ८० हजार मानिस आन्दोलनमा सरीक भएको आफुले अनुमान गरेका बताए ।

ढाका महानगरका प्रहरी प्रवक्ता फारुक अहमदका अनुसार अहिलेसम्म कुनै हिंसात्मक गतिविधि भएको छैन तर सुरक्षाकर्मीलाई सम्भावित हिंसा रोक्न तयारी अवस्थामा राखिएको छ ।

बिएनपीको मुख्यालयमा मङ्गलबार सुरक्षा फौजले आक्रमण गर्दा कम्तीमा एक जनाको मृत्यु हुनुका साथै कैयौं घाइते भएपछि राजधानीमा तनाव बढेको थियो ।

हिंसा भड्काएको आरोपमा पार्टीका दुई शीर्ष नेतालाई शुक्रबार पक्राउ गरिएको थियो भने र्‍यालीलाई अगाडि बढ्न नदिन नोभेम्बर ३० यता करिब दुई हजार कार्यकर्ता र समर्थकलाई हिरासतमा लिइएको पार्टीले जनाएको छ ।

विपक्षीहरूले देशभर विरोध प्रदर्शन गरिरहेका छन् र हसिनाले आफ्नो राजीनामा र कामचलाउ सरकारको नेतृत्वमा निर्वाचनको मागलाई ठाडै अस्वीकार गर्नुभएको छ ।

दुई करोड जनसङ्ख्या रहेको ढाकामा शनिबार प्रहरीले चेकप्वाइन्ट खडा गरेको थियो भने सुरक्षा व्यवस्था कडा पारिएको थियो । अर्का एक प्रहरी अधिकारीका अनुसार प्रदर्शनस्थलबाहिर सुरक्षाका लागि तीन हजारसम्म प्रहरी परिचालन गरिएको छ ।

ढाकाको सामान्य भीडभाड हुने सडकहरूमा केही साइकल, रिक्सा र कारहरू मात्र चलेका थिए, बीएनपीका अधिकारीहरूले सरकारले मानिसहरूलाई प्रदर्शनमा सामेल हुनबाट रोक्नका लागि यातायात सेवामा अनौपचारिक रोकावट सुरु गरेको आरोप लगाएका छन् ।

देशको प्रमुख बङ्गाली दैनिक पत्रिका प्रोथोम आलोका अनुसार सत्तारुढ दलका विद्यार्थी कार्यकर्ताले बीएनपीका कम्तीमा १० जना समर्थकलाई कुटपिट गरेका छन् ।

प्रदर्शनमा भाग लिन दक्षिणी टापु भोलाबाट आएका व्यापारी मोहम्मद आलमगीरले भन्नुभयो, "म कुनै पनि राजनीतिक दललाई समर्थन गर्दिनँ । हामी वर्तमान अवस्थाबाट मुक्ति चाहन्छौं ।

# अर्जेन्टिना सेमिफाइनलमा



काठमाण्डुअर्जेन्टिनाफिफाविश्वकप फुटबल २०२२ को सेमिफाइनलमा पुगेको छ । कतारमा शनिवार भएको क्वाटरफाइनलमा नेदरल्याण्डस्लाई पराजित गर्दै अन्तिम चारमा आफ्नो स्थान सुरक्षित गरेको हो ।

खेलको ३५औं मिनेटमा अर्जेन्टिनाका लागि नहुएल मोनिलाले गोल गर्दै अग्रता दिलाएका थिए भने ७३औं मिनेटमा लियोनल मेस्सीले गोल गर्दै अग्रता दोब्बर बनाएका थिए । तर नेदरल्याण्डस्का लागि वोउट वेग्होरस्टले खेलको ८३औं र इन्जुरी समयमा गोल गर्दै खेल बराबरीमा ल्याएपछि खेल अतिरिक्त समयमा पुगेको थियो । त्यसपछि दुवै टोलीबाट गोल नभएपछि खेल टाइब्रेकरमा पुगेको थियो । टाइब्रेकरमा अर्जेन्टिनाले खेल ४-३ गोल अन्तरले विजयी भयो । रासस

# क्रोएसिया विश्वकप फुटबलको सेमिफाइनलमा

काठमाण्डु । क्रोएसिया फिफा विश्वकप फुटबल २०२२ को सेमिफाइनलमा पुगेको छ ।

कतारकोदोहास्थितएजुकेसन सिटी स्टेडियममा शनिवार भएको पहिलो क्वाटरफाइनलमा क्रोएसियाले ब्राजिललाई ट्राइबेकरमा ४-२ गोलन्तरले पराजित गर्दै अन्तिम चारमा आफनो स्थान सुरक्षित गरेको हो । ट्राइबेकरमा क्रोएसियाका निकोला भ्लासिच, लोभ्रो माजेर, लुका मोड्रिच र मिस्लाभ ओर्सिचले गोल गरे । ब्राजिलका लागि भने क्यासिमेरो र पेड्रोले गोल गर्दा रोड्रिगो र मार्क्वि वन्होस पेनाल्टीमा गोल गर्नबाट चुके ।

खेलको निर्धारित समयसम्म दुवै टोलीले गोल गर्न नसक्दा खेल अतिरिक्त समयमा लम्बिएको थियो । अत्तिरित्तल समयको खेल १-१ गोलको बराबरीमा सकिएपछि खेल ट्राइबेकरमा पुगेको थियो ।

अतिरिक्त समयको पहिलो हाफको इन्जुरी समयमा ब्राजिलका नेयमारले गोल गर्दै पहिलो अग्रता लिएका थिए । उनले पाक्वेटाको पासमा गोल गरेका थिए । खेलको ११७औं मिनेटमा क्रोएसियाका ब्रुनी पेट्रकोभिचले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याएका थिए । हारसँगै ब्राजिल भने प्रतियोगितबाट बाहिरिएको छ । रासस

# आठ हजारभन्दा बढी भारतीय नागरिक विदेशी जेलमा



**एएनआई**

नयाँ दिल्ली । आठ हजारभन्दा बढी भारतीयहरू हाल विभिन्न देशका विदेशी जेलहरूमा कैदीबन्दीका रूपमा रहेको बताइएको छ । तीमध्ये चार हजार ३८९ जना खाडी देशहरूका जेलमा रहेको केन्द्रीय विदेश राज्यमन्त्री वी मुरलीधरनले शुक्रबार बताएका छन् ।

"मन्त्रालयमा उपलब्ध तथ्याङ्क अनुसार भारतीय हाल विदेशी कारागारहरूमा पुर्पक्षमा रहेका लगायतका कैदीहरूको सङ्ख्या ८ हजार ४४१ रहेको छ । जसमध्ये चार हजार ३८९ खाडी मुलुक (संयुक्त अरब इमिरेट्स, साउदी अरेबिया, कतार, कुवेत, बहराइन, ओमान) का जेलमा रहेका छन्,' उनले भने ।

युएई जेलमा रहेका कैदीहरूले भारतीय जेलमा आफ्नो बाँकी सजाय काट्न सक्छन् कि भनेर सोधिएको प्रश्नको जवाफ दिँदै, राज्यमन्त्रीले सजाय पाएका व्यक्तिहरूको स्थानान्तरण (टीएसपी), जुन नोभेम्बरमा हस्ताक्षर भइसकेको उनले बताए।

"टिएसपी सम्झौता अन्तर्गत सजाय पाएको व्यक्तिलाई आफ्नो देशमा स्थानान्तरण गर्न कैदीको स्थानान्तरणको इच्छा, स्थानान्तरण र प्राप्त गर्ने देशको सहमति, अनुरोध प्रक्रियाको लागि आवश्यक पूर्ण कागजातको उपलब्धता, क्लियरेन्स जस्ता विभिन्न औपचारिकताहरू पूरा गर्नुपर्ने हुन्छ र सो प्रक्रियका लागि आवश्यक कागजातहरूको युएई पठाइएको छ, "उनले भने दोहामा हिरासतमा रहेका आठ पूर्व नौसैनिक अधिकारीको मुद्दा फेरि चर्चामा आएपछि यो विषय पुनः सार्वजनिक चासोको मुद्दा बनेको हो ।

डिसेम्बर १ मा मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले भारतले कतारमा पक्राउ परेका पूर्व भारतीय नौसेना अधिकारीहरूको मामलामा नियमित रूपमा प्रतिक्रिया दिइरहेको र दूतावासले यस विषयलाइ गम्भीररूपमा लिइरहेको बताएका छन् ।

प्रवक्ताले केही थुनुवाका दोहामा परिवारहरू छन् र उनीहरूलाई साप्ताहिकरूपमा भेटघाट गर्न अनुमति दिइएको पनि बताएका छन् ।

# पेरुका नयाँ राष्ट्रपतिले विरोध प्रदर्शनका बीच निर्वाचन गराउँने सङ्केत

**सिन्ह्वा**

लिमा । पेरुका नवनिर्वाचित राष्ट्रपति डिना बोल्वार्टेले आगामी निर्वाचन निर्धारित समयभन्दा अगावै हुन सक्ने सङ्केत गरेका छन् ।

"यदि परिस्थिति अनुकूल भयो भने सरकारले चुनाव अगाडि सार्ने गरी कङ्ग्रेसका राजनीतिक र लोकतान्त्रिक शक्तिहरूसँग वार्ता गर्नेछ' सम्भावना रहेको बताएका छन् ।

बोल्वार्टेले बुधबार पदभार ग्रहण गर्दै कङ्ग्रेसले उनको पूर्ववर्ती पेड्रो कास्टिलोलाई विधायिका भङ्ग गर्ने असफल प्रयासको गरेको केही घण्टापछि महाभियोग लगाएको थियो । सुरक्षा बलद्वारा हिरासतमा रहेका कास्टिलोले यसअघि विपक्षी नेतृत्वको कङ्ग्रेसले अनुमोदन गरेको महाभियोग प्रस्ताव आफूविरुद्ध राजनीतिक खेलको हिस्सा भएको टिप्पणी गरेका थिए ।

पेरुको अरेक्विपा, इका र ट्याक्ना क्षेत्रहरूमा पान-अमेरिकन राजमार्गको केही भागहरूमा विरोध प्रदर्शन भइरहेका बेला प्रारम्भिक चुनावमा बोलुआर्टेको टिप्पणी सार्वजनिक भएको हो । त्यहाँ स्थानीयहरूले कास्टिलोको गिरफ्तारीको विरोधमा ढुङ्गा, लाठी सहित टायर बालेर सडक अवरुद्ध गरेका छन्।

# बास्केटबलको उपाधि बिकेभिएम र अरनिको स्कुललाई

विराटनगर । विराटनगरमाभएकोविद्यालयस्तरीय तेस्रो संस्करणको बास्केटबल कप प्रतियोगिताको फाइनल खेलमा बिकेभिएम र अरनिको स्कुलले उपाधि हात पारेका छन् । विराटनगर बास्केटबल एकेडेमीको आयोजनामा पुरुष र महिलातर्फको फाइनल खेल कोबास कलेजको बास्केटबल कोर्टमा भएको थियो । फाइनल खेलमा पुरुषतर्फ सगरमाथा स्कुललाई ३७-२८ अङ्कले पराजित गर्दै बिकेभिएम स्कुल विजयी भएको छ ।

त्यसैगरी महिलातर्फको फाइनल खेलमा पोखरीया स्कुललाई २-४ अङ्कले पराजित गर्दै अरनिको स्कुल विजयी भएको थियो । पुरूष र महिलातर्फको खेलमा क्रमशः बिकेभिएम स्कुलका गुनानन्द यादव रअरनिकोस्कुलकाउत्कृष्टखेलाडी घोषित भएकालाई ट्रफी वितरण गरिएकोथियो। विद्यालयस्तरीय तेस्रो विराटनगरबास्केटबलप्रतियोगितामा महिला र पुरुष गरी आठ टिमको सहभागिता रहेको कार्यक्रम संयोजक मुकेश यादवले जानकारी दिनुभयो ।रासस

# आसाममा ७० करोड बराबरको लागुऔषध नियन्त्रणमा

**एएनआई**

काछार । आसामको काछारमा शुक्रबार राति करिब ६०-७० करोड रुपैयाँ बराबरको अवैध लागुऔषध बरामद गरिएको छ भने पाँच जनालाई पक्राउ गरिएको छ ।

यहाँका एक वरिष्ठ प्रहरी अधिकारीले नाम न छाप्ने शर्तमा एएनआईसँग फोनमा कुरा गर्दै भने, "सूचनाको आधारमा अनुसन्दान गर्दा काछार जिल्लाको प्रहरी टोलीले शुक्रबार राति मिजोरमबाट आउँदै गरेको दुई ट्रकलाई रोकी खान तलासी गर्दा दुई लाख याबा टेबुल बरामद गरेको हो । "हामीले घटनास्थलबाट चार जनालाई पक्राउ गरेका छौं र पछि थप एक जनालाई पक्राउ गरेका छौं। एउटा ट्रक पनि नियन्त्रणमा लिइएको छ," प्रहरी अधिकारीले उल्लेख गरेका छन् ।

बरामद लागुऔषधको बजार मूल्य करिब ६० देखि ७० करोड रुपैयाँ रहेको बताउँदै उनले चार महिनामा काछार प्रहरीले २०० करोडभन्दा बढीको लागुऔषध बरामद गरेको बताए । यसअघि, तीन लागुऔषध कारोबारीलाई पक्राउ गरिएको र असमको कार्बी आङ्लोङ जिल्लामा उनीहरूबाट ७ करोड रुपैयाँ मूल्य बराबरको तस्करी बरामद गरिएको लाग औषध पक्राउ गरिएको थियो।

सूचनाका आधारमा कार्वी आङ्लोङ प्रहरीको टोलीले बिहीबार राति खटखती क्षेत्रमा अप्रेसन गर्दा दुईवटा ट्रकलाई नियन्त्रणमा लिएको पनि अधिकारीहरुले जनाएका छन् । खोजीका क्रममा दुईवटा गाडीबाट ३० हजार प्रतिबन्धित याबा ट्याब्लेट र ७५७.१५ ग्राम हेरोइन लगायतका सामान बरामद गरिएको पनि प्रहरीले बताएको छ ।

# जाडो याम नजिकिँदै गर्दा पाकिस्तानमा बिजुली र ग्यासको अभाव

**एएनआई**

पाकिस्तान । पाकिस्तानमा हरेक वर्ष हिउँदमा दाउरा र कोइलाको बढ्दो मूल्यका कारण ग्यासको अत्यधिक माग हुँदा यहाँ ग्यासको अभाव हुने गरेको छ । यसबाहेक, गत वर्षको तुलनामा काठ र कोइलाको मूल्य दोब्बर भएको सञ्चारमाध्यमले जनाएका छन् ।

सिन्ध, पञ्जाब र खैबर पख्तुनख्वाका धेरै शहरमा ग्यास उपलब्ध नभएको विभिन्न सञ्चारमाध्यमले जनाएका छन् ।

ग्यास अभाव र लोडसेडिङका कारण कराँची, लाहोर, हैदरावाद, मुल्तान, पेशावर र रावलपिण्डीका बासिन्दाहरू चिन्तित छन् र खाना पकाउने ग्यास र दाउराको माग पनि बढेको छ । दाउरा र कोइलाको मूल्य दोब्बर भए पनि घरेलु उपभोक्तालाई इन्धनको आवश्यकता पूरा गर्न ग्यास आपूर्ति गर्ने योजना पनि प्रभावकारी छैन ।

स्थानीय सञ्चारमाध्यमका अनुसार सिन्धले देशमा करिब ६२ प्रतिशत ग्यास उत्पादन गर्छ र त्यसको बावजुद सिन्धले ३८ प्रतिशत मात्र ग्यास पाउँछ । अर्कोतर्फ, पञ्जाबमा ग्याँस उत्पादन केवल तीन प्रतिशत छ तर पञ्जाबमा ५२ प्रतिशत ग्याँस उत्पादन हुन्छ ।

# ब्राजिलका राष्ट्रपति बोल्सोनारोले मौनता तोडे

**एएफपी**

ब्राजिलिया । ब्राजिलका राष्ट्रपति जैर बोल्सोनारोले शुक्रबार आफ्नो चुनावी पराजयले आफ्नो अत्मालाई चोट पुगेको भन्दै मौनता तोडेका छन् ।

बोल्सोनारोले अक्टोबर ३० मा तिक्ततापूर्ण रनअफ चुनावमा वामपन्थी प्रतिद्वन्द्वी लुइज इनासियो लुला दा सिल्भासँगको पराजयपछि सार्वजनिक रूपमा निर्वाचनको परिणामबारे कुनैप्रतिक्रिया दिएका थिएनन् ।

"म लगभग ४० दिनदेखि मौन छु। यसले मलाई पीडा दिइरहेको छ, मेरो आत्मा दुःखिरहेको छ। यद्पि म सधैं खुसी हुने व्यक्ति हुँ।" उनले भनेका छन् । उनको पराजयपछि उनका हजारौं समर्थकहरूले सडक अवरुद्ध गर्दै सेनालाई लुलालाई सत्ता लिनबाट रोक्न आग्रह गर्न सैन्य ब्यारेक अगाडि प्रदर्शन समेत गरेका थिए। बोल्सोनारो जनवरी १ सम्म पदमा रहनेछन्।

# 'आर्थिक- सामाजिक विकासका निम्ति बेल्ट एन्ड रोड इनिसिएटिभ उपयोगी'

**सिन्ह्वा**

रियाद । चीनले अघिसारेको विकास-निर्माणको विशाल परियोजना बेल्ट एन्ड रोड इनिसिएटिभ साउदी अरबको आर्थिक-सामाजिक विकासका निम्ति उपयोगी हुने बताएको छ। साथै उसले आफ्नो देशको 'भिजन २०३०'लाई अघि बढाउन तथा उन्नत विज्ञान र प्रविधिबीच तालमेल मिलाउन चिनियाँ परियोजना फलदायी हुने विश्वास व्यक्त गरेको छ।

साउदीका उद्योग तथा खनिज सम्पदामन्त्री बन्दर अल्खोरायफले सिन्ह्वासँगको अन्तर्वार्तामा अर्थतन्त्र र व्यापारका क्षेत्रमा दुई देशबीचको सहकार्य एवम् साझेदारीको महत्वमा जोड दिँदै प्रचुर मात्रामा खनिज सम्पदा भएको आफ्नो देश र नवप्रवर्तन तथा उच्च प्रविधिको विकासमा अग्रपङ्क्तिमा रहेको चीनसँगको सहकार्यबाट खनिज स्रोतको विकासमा सघाउ पुग्ने बताए ।

दुवै मुलुकको साझेदारीबाट खनिजको अधिकतम दोहनका साथै अर्थव्यवस्थामा विविधीकरण, अर्धतयार वस्तुको उत्पादन, प्रशोधन एवम् निर्यात बढाउन सहज हुनेमा उनले जोड दिए ।

चिनियाँ कम्पनीहरूको प्रभावशाली प्रदर्शन र अनुभवलाई आफ्नो देशका युवा तथा महिलामा हस्तान्तरण गर्नसके पारस्परिक लाभका धेरै क्षेत्रमा सहकार्य बढ्नसक्ने बताए । साथै उनले द्विपक्षीय सहयोग प्रवर्द्धन अथाह सम्भावना रहेका बताए ।

ऊर्जा र खानी उद्योग बाहेक अनुपम भौगोलिक अवस्थिति एवम् पूर्ण पूर्वाधार भएको साउदी अरबमा फस्टाउँदै गरेको 'स्टार्टअप'मा लगानी गरेर मध्यपूर्व र उत्तर अफ्रिकामा व्यापार विस्तार गर्ने महत्वपूर्ण केन्द्र बनाउन सकिने भन्दै उनले आफ्नो देशको रेलमार्ग, बन्दरगाह र एक्सप्रेसवे निर्माणमा सहभागी हुन आह्वान गरे ।

मन्त्री अल्खोरायफले भाषा शिक्षा र व्यावसायिक तालिमजस्ता जनता-जनताबीचको आदानप्रदानमा साझेदारी विस्तार गर्न दुवै पक्षलाई आग्रह गरे । चीन आर्थिक क्षेत्रमा मात्रै नभएर अन्य धेरै क्षेत्रमा पनि साउदीको महत्वपूर्ण साझेदार भएको उनले बताए ।

चीनले अघि सारेको विश्वको विकास प्रयासको प्रशंसा गर्दै साउदी मन्त्रीले हाल विश्वले सामना गरिरहेका धेरै चुनौतीको सामना कुनै पनि देश एक्लैले गर्न नसक्ने त्यसनिम्ति सहयोग आवश्यक पर्ने यथार्थ सुनाए । उनले एकापसका सहयोगबाटै विकासका लक्ष्य हासिल गर्न सहज हुने बताए ।

# धारा नेपालगञ्ज म्याराथनको उपाधि खड्कालाई




राँझा । आठौं संस्करणको धारा नेपालगञ्ज म्याराथनको उपाधि नेपाली सेनाको त्रिभुवन आर्मी क्लबका खड्गबहादुर खड्काले जितेका छन् । नेपालगञ्जमा आज भएको म्याराथनमा खड्काले निर्धारित दूरी दुई घण्टा २० मिनेट २८ सेकेन्डमा पूरा गर्दै उपाधि हात पारेका हुन् ।

म्याराथनमा दोस्रो र तेस्रो आर्मीकै क्रमशः नरेन्द्रसिंह रावत र मोहनदेव जोशी भए । रावतले निर्धारित दूरी दुई घण्टा २२ मिनेट २९ सेकेन्डमा तथा जोशीले दुई घण्टा २४ मिनेट ३६ सकेन्डमा पूरा गरे । यसअघि सातौं संस्करणको धारा नेपालगञ्ज म्याराथनको उपाधि एपीएफ क्लबका किरणसिंह विष्टले जितेका थिए ।

उपाधि विजेता खड्काले रु एक लाख ५० हजार पुरस्कार प्राप्त गरे । दोस्रो भएका रावतले रु रु ६० हजार र तेस्रो भएका जोशीले रु ३० हजार पुरस्कार प्राप्त गरे ।

यस्तै आठौं संस्करणकै महिला हाफ म्याराथनको उपाधि बागमती प्रदेशकी सन्तोषी श्रेष्ठले जितिन् । उनी सातौं संस्करणकी समेत च्याम्पियन हुन् । उनले निर्धारित दूरी एक घण्टा १६ मिनेट ४१ सकेन्डमा पूरा गर्दै रु ६० हजार पुरस्कार प्राप्त गरिन् । यस्तै सो म्याराथनमा दोस्रो भएकी अञ्जली चौहानले निर्धारित दूरी एक घण्टा २५ मिनेट १५ सकेन्डमा पूरा गरिन् भने तेस्रो भएकी अञ्जु खड्काले एक घण्टा ३६ मिनेट ४४ सेकेन्डमा पूरा गरिन् । दुवैजनाले क्रमशः रु ३० हजार र रु १५ हजार पुरस्कार प्राप्त गरेको आयोजक क्रियटिभ ह्याण्ड्सका अध्यक्ष एवं नेपालगञ्ज म्याराथनका संस्थापक टिएस ठकुरीले जानकारी दिए ।

हरेक वर्ष मङ्सिर पाँच गते आयोजना गरिँदै आएको म्याराथन यसवर्ष प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका कारण दुई साता पर धकेलिएको ठकुरीले बताए । प्रतियोगिता क्रियटिभ ह्याण्ड्सको आयोजना तथा क्रियटिभ गन्ज मिडिया एण्ड इभेन्ट म्यानेजमेन्टको व्यवस्थापनमा भएको हो । रासस



मोरङको भाउन्नेस्थित तोरीबारीमा चरनका लागि ल्याईएका मौरीका घार । तस्बिर : रासस

# तोरीसहितको अन्नबाली बढाउँदै सर्लाहीका किसान



सर्लाही । सर्लाहीका किसान केही वर्षदेखि आफूले लगाइरहेको उखु मासेर तोरी खेतीतर्फ आकर्षित भएका छन् ।

तीन/चार वर्षयता जिल्लाको लालबन्दी, हरिवन, बागमती, ईश्वरपुरलगायतका ठाउँका उखु उत्पादक किसानले आफ्नो खेतबारीमा उखु मासेर तोरीसहितको अन्नबाली बढाउँदै लगेका छन् । उखु खेतीमा लगानी गरेर लगानीसमेत नउठेपछि तोरी खेतीतर्फ लागेको हरिवन नगरपालिका-८ का किसान हरि निरौलाले बताउनुभयो ।

"उखुमा लगानीअनुसारको मूल्य छैन, यताका सबैजसो उखु उत्पादक किसानले अहिले उखु मासेर तोरी, परबल, बोडी, मास, धान, मकै र कोदोजस्ता परम्परागत अन्नबाली लगाउन थालेका छन्", निरौलाले बताउनुभयो ।

दुई दशकअघिसम्म तोरी खेतीमा अब्बल मानिने जिल्लामा केही वर्षदेखि उखु खेतीप्रतिको आकर्षण बढेको थियो । तर वर्षभरि लगानी गरेर उत्पादन भएको उखु बिक्री गरेको रकम उद्योगले भुक्तानी नगर्दा दिक्दार भएका जिल्लाका उखु उत्पादक किसान अन्य खेतीतर्फ मोडिएका हुन् ।

सरकार, उद्योगी र किसान प्रतिनिधिबीच भएको सहमतिअनुसार उद्योगीले प्रतिक्विन्टल रु पाँच सय २० र नेपाल सरकारले रु ७० अनुदान रकम दिने सहमति गरिएपनि उद्योगले सहमतिअनुसारको रकम भुक्तानी नगरेकाले आफूहरू उखु छोडेर तोरी, परबल, बोडी, मास, धान, मकै र कोदोजस्ता परम्परागत अन्नबाली लगाउन थालेको हरिवन नगरपालिका-२ का किसान रामपुकार महतोले बताउनुभयो ।

उहाँका अनुसार जिल्लामा रहेका तीनवटा चिनी मिल मध्ये इन्द शङ्कर चिनी उद्योगबाहेक अरु उद्योगले किसानको रकम भुक्तानी गरेका छैनन् । महालक्ष्मी र अन्नपूर्ण चिनी उद्योग उखु अभावले गर्दा बन्दजस्तै अवस्थामा छन् । जिल्लामा देशकै धेरै चिनी मिल भए पनि उखु २५ हजार हेक्टर क्षेत्रमा र धान ४६ हजार पाँच सय हेक्टर क्षेत्रमा खेती हुँदै आइरहेको कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कमलदेवप्रसाद कुशवाहले बताउनुभयो ।

हरिवनमा चिनी उद्योग स्थापना भएपछि किसानले सबैखाले अन्न बाली मासेर आफ्ना खेतबारीमा उखु लगाउन सुरु गरेका थिए । करिब २० वर्षपछि यहाँका किसान पुनः उखु खेती मासेर पुरानै खेतीमा फर्किएका स्थानीय जानकार राजकुमार उप्रेतीले बताउनुभयो । "किसानले तोरी खेती मासेपछि खाने तेलको मूल्य आकासियो, अहिले तोरी झार्ने बित्तिकै क्विन्टलको करिब रु १५ हजारका दरले बिक्री हुन्छ । जग्गा जमिन धेरै हुनेले व्यावसायिक उद्देश्यले तोरी खेती गरेका छन् । थोरै जमिन हुनेले आफ्ना लागि मात्रै भए पनि तोरी लगाउन थालेका छन् । उखु लगाउँदा वर्षमा एक पटक उत्पादन निस्कने भए पनि तोरी खेतीमा वर्षमा तीन/चार बाली लगाउन पाइने र लगानी धेरै नलाग्ने हुँदा उखुको विकल्पमा लागेका छन्", उप्रेतीले बताउनुभयो ।

थोरै लगानी गर्दा मनग्ये आम्दानी हुने भएपछि जिल्लाका उखु उत्पादक किसानले तोरी खेती बढाउन थालेका छन् । सिँचाइ सुविधा नभएको जमिनमा पनि धेरथोर तोरी उत्पादन हुन्छ । "जसका कारण पनि किसानको मनफेरि पुरानै खेतीतर्फ मोडिएको हो", गोडैता नगरपालिका-४ का कपिल महतो भन्नहुन्छ । जिल्लाका किसानले धान, हिउँदे मकैजस्ता बाली उठाएपछि तोरी खेती गर्छन् । तोरीभित्र चना, मुसुरोजस्ता दलहन बाली पनि उत्पादन हुन्छ । तोरी र चना भित्र्याएपछि खेत बर्खे मकै खेतीका लागि तयार हुन्छ । "तीन बाली लगाउँदा किसानले उखु खेतीबाट भन्दा पनि धेरै आम्दानी गर्छन्", स्थानीय छोटेलाल साहले बताउनुभयो ।

यता, जिल्लाका उखु उत्पादक किसानलाई आफूहरूले नयाँ प्रजातिको उखुखेती गर्न बीउ वितरण गरेकाले जिल्लामा उखु उत्पादन बढ्ने इन्दु शङ्कर चिनी उद्योगका उखु प्रबन्धक योग नारायण रजकले बताउनुभयो । उखु खेतीका लागि देशमै अब्बल मानिएको नयाँ प्रजातिको उखु जिल्लाका उखु उत्पादक किसानलाई वितरण गरिएका कारण उखु उत्पादनमा क्षेत्रफल घटे पनि उत्पादनमा कमी नआउने उद्योगको दाबी छ ।रासस

# अमलेखगञ्जमा पेट्रोल ट्याङ्की निर्माण हुने



बारा । नेपाल आयल निगमले बाराको अमलेखगञ्जमा पेट्रोल भण्डारणका लागि छुट्टै भण्डारण गृह (ट्याङ्की) निर्माण गर्ने तयारी थालेको छ ।

विसं २०७६ भदौ २४ गते भारतको मोतिहारीदेखि नेपालको बाराको अमलेखगञ्जसम्म ६९ किलोमिटर 'मल्टी पाइप लाइन' विस्तार गरेर डिजेल ल्याउन सुरु गरेको निगमले पेट्रोल भण्डारणका लागि छुट्टै भण्डारण गृह निर्माण गर्ने तयारी थालेको हो । पाइपलाइन विस्तार भएको ६९ किलोमिटर क्षेत्रमध्ये भारतमा ३३ र नेपालमा ३६ किलोमिटर भूभाग पर्दछ । उक्त पाइपलाइन विस्तारका लागि भारतीय आयल निगमले रु दुई अर्ब भारतीय रुपैंया खर्च गरेको थियो ।

एउटै पाइपलाइनबाट पेट्रोल, डिजेल र मट्टितेल ल्याउन मिल्ने भए पनि भण्डारणका लागि छुट्टै भण्डारण गृह नहुँदा पेट्रोल र मट्टितेल पाइपलाइनबाट ल्याउन समस्या भएको थियो । अमलेखगञ्जमा पेट्रोल र मट्टितेलको लागि भण्डारण गृह नहुँदा पाइपलाइनको उपयोग ५० प्रतिशतभन्दा कम भएको छ ।

अमलेखगञ्जमा हाल डिजेल भण्डारणका लागि दुई ४५ लाख लिटरका ट्याङ्की, एक ४१ लाख तथा अर्को ३९ लाख लिटरको ट्याङ्की रहेको छ । उक्त क्षेत्रबाट हाल एकैपटक २१ गाडीले डिजेल भर्न पाउँछन् । पाइपलाइनमार्फत भारतको मोतिहारीदेखि अमलेखगञ्जसम्म डिजेल ल्याँउदा निगमको वार्षिक रु दुई अर्ब रकम बचत हुँदै आएको छ ।

नेपाल आयल निगम अमलेखगञ्जका प्रमुख इन्जिनियर प्रदीपकुमार यादव पेट्रोल र मट्टितेल ल्याउनका लागि आयल निगमले छुट्टै भण्डारण गृह बनाउन सुरु गर्न लागेको बताउनुहुन्छ । "पेट्रोल भण्डारण गृह निर्माण गर्नका लागि हामीले भारतीय निर्माण व्यवसायी कम्पनी र भारतीय आयल निगमका प्रतिनिधिसँग निरन्तर छलफल गरिरहेका छौं", उहाँ भन्नुहुन्छ ।

निगमले पेट्रोलको भण्डारण गृह निर्माणका लागि मङ्सिर २३ (हिजो)मात्र भारतीय निर्माण कम्पनी र भारतीय आयल निगम पटनाका प्रमुखसँग भेटेर छलफल गरेको छ । पाइपलाइन बनाएर पूर्णरुपमा प्रयोग गर्नका लागि पेट्रोल भण्डारण गृह बनाउन लागिएको इन्जिनियर यादवको भनाइ छ । उहाँले सन् २०२४ को जनवरीसम्म पेट्रोल भण्डारण गृह सम्पन्न गर्नेगरी काम अगाडि बढाउन लागिएको बताउनुभयो ।

डिजेलका लागि भारत सरकारको अनुदानमा भण्डारण गृह निर्माण गरिदिए पनि पेट्रोल भण्डारणका लागि भने नेपाल आफैंले भण्डारण गृह बनाउन लागेको हो । त्यसका लागि एक अर्ब ५४ करोड भारतीय रुपैयाँ लाग्ने निगमले जनाएको छ । यस्तै, भारतले पनि अनुदानस्वरुप ८० करोड भारतीय रुपैयाँमा छुट्टै पेट्रोल ट्याङ्की निर्माण गरिदिने भएको छ ।अमलेखगञ्जमा पेट्रोल भण्डारण गृह निर्माण भएसँगै नेपाल आयल निगमको मासिक १२ देखि १५ करोड तथा वार्षिक रु एक अर्ब ५० करोड रकम बचत हुनेछ । हाल अमलेखगञ्ज डिपोबाट डिजेलतथापेट्रोलसङ्घीयराजधानी काठमाडौंसहित पोखरा, भैरहवा, चितवन, विराटनगरलगायतका क्षेत्रमा जाने गरेको छ ।

निगमका अमलेखगञ्ज प्रमुख यादव भारतको मोतीहारीदेखि नेपालको सर्लाहीसम्म ग्यास पाइपसमेत विस्तार गर्नेबारे परामर्श भइरहेको बताउनुहुन्छ । रु १२ अर्ब लागतमा ग्यास पाइप तथा स्टोरेजको काम हुने उहाँको भनाइ छ । नेपालबाट हाल ग्यास ढुवानी गर्दा वार्षिक रु छ अर्ब खर्च हुँदै आएको छ ।

निगम अमलेखगञ्जका मेकानिकल इन्जिनियर प्रशान्त भट्टराई निगमको अमलेखगञ्ज डिपोबाट देशको ७० प्रतिशत भूभागमा पेट्रोल, डिजेल तथा मट्टितेल जाने गरेको बताउनुहुन्छ । "अमलेखगञ्ज डिपोबाट दैनिक ६० लाख लीटर डिजेल तथा २० लाख लिटर पेट्रोल वितरण हुँदै आएको छ", उहाँ भन्नुहुन्छ । यो परियोजना सञ्चालनमा आएपछि नेपाल-भारतको रक्सौल नाकामा देखिने जामको समस्या हट्नुका साथै पेट्रोलियम पदार्थमा हुने चोरी तथा अनियमितता हटेर जाने विश्वास निगमले लिएको छ ।रासस

# मेलामा स्थानीय उत्पादनको प्रवर्द्धन

भैरहवा । भैरहवावासीले मुस्ताङको उत्पादन भैरहवामै पाएका छन् । मुस्ताङका तरकारी तथा फलफूलबाट तयार पारिएका सामग्री भैरहवमामै बिक्री भइरहेका छन् ।

शुक्रबारदेखि सुरु भएको आठौं लुम्बिनी राष्ट्रिय महोत्सवमा मुस्ताङको उत्पादन पनि बिक्रीका लागि राखिएको छ । मुस्ताङकै तरकारी र फलफूल प्रशोधन स्याउको सुकुटी, जाम, क्यान्डी, आलु चिप्स, खुर्पानीको जाम, सुकुटी जस्ता विभिन्न उत्पादनहरु बिक्रीका लागि राखिएका छन् ।

भैरहवा मेलामा मार्फा फलफूल तथा तरकारी उद्योगको स्टल रहेको छ । स्टल सञ्चालक घरपझोङ-२ मार्फाका शङ्करलाल विश्वकर्माले सुरुकै दिनदेखि दर्शकको राम्रो प्रतिक्रिया पाएको बताउनुभयो ।'भैरहवामा पहिलो पटक मुस्ताङको उत्पादन लिएर आएको छु', विश्वकर्माले भन्नुभयो,'पहिलो दिनमै ६ हजार बढीको बिक्री भएको छ ।'

कोभिडका कारण लामो समयदेखि बाहिर व्यापार गर्न नपाएका उहाले भैरहवा मेलाले उत्साह जागेको बताउनुभयो । उहाँले मेला अवधिमा रु एक लाख बराबरको कारोबार गर्ने लक्ष्य रहेको बताउनुभयो । उहाँको स्टलमा मार्फाको ब्रान्डी, रातो मुरली मकै, जिम्मु, जाम, छोप, स्याउ जस्ता उत्पादन रहेको छ ।

मेलामा रोल्पा सुनछहारीका जसमन बिष्ट क्षेत्री र जितबहादुर बिटालुले जाँतो लिएर आउनुभएको छ । पुर्ख्यौली पेसा यहि रहेको उहाहरुले आफूसंग जातो र सिलौटा बिक्रीका लागि राखिएको बताउनुभयो । स्थानीय डुडे ढुङ्गाबाट तयार पारिएको जाँतो र सिलौटामा पिसिएको मसला, आटा, दाललगायत स्वादिष्ट एवम् रसिलो हुने दाबी गर्नुहुन्छ ।

दुई सय ५० स्टल राखिएको आठौं लुम्बिनी राष्ट्रिय महोत्सवमा स्थानीय उत्पादनहरुलाइ प्रवर्द्धन हुने उद्योगलाइ प्राथमिकता दिएको मेला मूल आयोजक समितिका संयोजक भीष्म न्यौपानेले बताउनुभयो ।

मेलामा स्वदेशी, गुणस्तरीय वस्तु तथा सेवाहरुको उपभोगप्रति उपभोक्ताहरुलाई जागरुक बनाई सीमावर्ती बजारमा पाइने सामानहरुबीच तुलनात्मक मूल्यबारे उपभोक्ताहरुलाई जानकारी दिने उद्देश्य रहेको उहाले बताउनुभयो ।

सङ्घका वरिष्ठ उपाध्यक्ष ठाकुरकुमार श्रेष्ठले वर्तमान आर्थिक तरलता अवस्थामा आर्थिक गतिविधि बढाउने पनि मेलाको उद्देश्य रहेको बताउनुभयो । कोभिडका कारण शिथिल रहेको स्थानीय व्यापारलाइ मेलाले टेवा दिने उहाँको भनाइ छ ।

मेलामा आउने दर्शकलाई लुम्बिनीसँग सम्बन्धित तिलौराकोट, देवदह, रामग्राममा अवस्थित पुरातात्विक पर्यटकीय क्षेत्रहरुमा विशेष प्याकेज बनाई भ्रमणको व्यवस्था गराइने प्रचारप्रसार समिति संयोजक कृष्णप्रसाद घिमिरेले बताउनुभयो ।रासस

# घट्दै अलैंचीको मूल्य

ताप्लेजुङ । अलैंचीको मूल्यमा गिरावट आएको छ । एक हप्ताअघि सम्म झापाको बिर्तामोडमा प्रतिमन रु २६ हजारका दरले अलैंचीको कारोबार भएकामा अहिले रु २४ हजारमा झरेको छ ।

यो वर्षको नयाँ उत्पादन सुरु हुँदा २८ देखि २९ हजारका दरले समेत कारोबार भएको थियो । क्रमशः मूल्य घटेर अहिले २४ हजारमा झरेको अलैंची व्यवसायीले बताएका छन् । यो वर्ष अलैंचीको माग न्यून भएकाले पनि मूल्य बढ्न नसकेको अलैंची व्यवसायी नरेन्द्र तिवारीले बताउनुभयो ।

पछिल्लो समय अलैंचीको उत्पादनमा वृद्धि भएको तर माग न्यून भएकाले मूल्य नबढेको उहाँको तर्क छ । उहाँले यस वर्ष झन्डै चार सय मन अलैंची जम्मा गर्नुभएको छ । जसमध्ये आधा जसो रु २९ हजारका दरले किसानबाट लिइसक्नुभएको छ । बजार र मूल्य नभएपछि सबै अलैंची गोदाममै थन्क्याएर राखेको उहाँले बताउनुभयो ।

यता किसानले समेत मूल्य पर्खिएर बसेका छन् । रासस


चन्द्र नारायण यादव मेमोरियल ट्रष्ट सिरहाद्वारा

सञ्चालित

चन्द्र नारायण यादव मेमोरियल मेटर्निटी अस्पताल

माडर, सिरहा

**विशेषज्ञ, दक्ष स्वास्थ्यकर्मी आवश्यकता सम्बन्धि सूचना**

सूचना प्रकाशित मितिः–२०७९/०८/२५

चन्द्र नारायण यादव मेमोरियल ट्रष्ट सिरहाद्वारा सञ्चालित चन्द्र नारायण यादव मेमोरियल मेटर्निटी अस्पताल माडर सिरहालाई स्तरउन्नती तथा विपन्न वर्गलाई निःशुल्क सेवा प्रदान गर्न थप विशेषज्ञ, र दक्षस्वास्थ्यकर्मीहरु देहायमा लेखिएको संख्यामा आवश्यकता भएकोले योग्यता प्राप्त गरेको ईच्छुक उम्मेदवारले सूचना प्रकाशित भएको मितिले (७) दिन भित्र आ-आपना शैक्षिक प्रमाण पत्र ,नागरिकता प्रमाण-पत्र को प्रतिलिपि एक/एक प्रति र (CV) पेश गर्नुहुन अनुरोध छ ।

तपसिलः–

| क्र.सं. | | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| 1 | | Director | 1 | MD with 5 Years' Experience Or MBBS with 8 Years' Experience |
| 2 | a | MD in Obstetrics and Gynecology | 1 | |
| | b | MD in MDGP | 1 | |
| | c | MD in Medicine | 1 | |
| | d | MD/ Diploma in Pediatrics | 1 | |
| | e | MS in Surgery | 1 | |
| | f | MS/Diploma in Orthopedics | 1 | |
| 3 | | Hospital Management Officer | 1 | 1 Year Experience |
| 4 | | MBBS | 2 | With 1 Year Experience in different clinical subject |
| 5 | | Anesthesia technician or Assistant | 1 | With Experience |
| 6 | | BMLT | 1 | With Experience of Recent Machine |
| 7 | | Lab Technician | 1 | With 1 Years' Experience |
| 8 | | H.A. | 3 | With Experience of Emergency Equipment |
| 9 | | Staff Nurse | 3 | With Experience |
| 10 | | X-ray Technician/ Radiographer | 1 | |
| 11 | | CMA | 3 | |
| 12 | | ANM | 3 | |
| 13 | | Driver | 1 | |
| 14 | | Security Guard | 2 | |

**नोटः– लोक सेवा आयोगमा बैकल्पिकमा नाम निकालेका उम्मेदवारहरुलाई विशेष ग्राहता दिईनेछ ।**

सुविधाहरुः–

- आवासको व्यवस्था अस्पतालकै हाताभित्र छ ।
- क्यान्टीनको व्यवस्था छ ।
- तलबको हकमा योग्यता तथा समय अवधि बमोजिम आपसी सम्झदारी अनुसार ।
- ईच्छुक उम्मेदवारले सोझै वा ईमेल मार्फत आफ्ना कागजातहरु अस्पतालमा पठाउन सक्नुहुनेछ ।

सम्पर्कको लागिः–

- Email id:- cnymmhmadar@gmail.com
- Mobile No.:-9863978121/9842918333/9842824084/9842821401

सम्कर्प मितिः– २०७९/०८/०४ गते सोमबार

# छोरीलाई प्रोत्साहन गर्ने कार्यक्रम शुरु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको चन्द्रनगर गाउँपालिकाले कक्षा १२ उत्तीर्ण गरी २० वर्ष पुगेपछि मात्रै विवाह गर्ने छोरीलाई प्रोत्साहन स्वरूप ५० हजार रुपैयाँ प्रदान गर्न सुरु गरेको छ।

गत बैशाखमा स्थानीय तह निर्वाचनपछि बसेको पहिलो कार्यपालिका बैठकले कक्षा १२ को अध्ययन पूरा गरी २० वर्ष पार गरेपछि विवाह गर्ने गाउँपालिकाभित्रका छोरीलाई प्रोत्साहन स्वरूप ५० हजार रुपियाँ प्रदान गर्ने निर्णय गरेको थियो।

चन्द्रनगर गाउँपालिका-२, बबरगञ्ज दनुवारी टोलका हरदेव कुँमर दनुवारकी छोरी रेणुकुमारी सिंहलाई गाउँपालिकाका अध्यक्ष राजकुमार महतोले विवाह मण्डपमै पुगेर ५० हजार रुपियाँको चेक हस्तान्तरण गरेका छन् । उक्त निर्णयानुसार गाउँपालिकाको तर्फबाट उनले पहिलो पटक यस्तो



रकम दिएका छन् । बाइस वर्षीया रेणुकुमारीले गाउँकै दुर्गा खोभारी माध्यमिक विद्यालय बबरगञ्जबाट कक्षा १२ उत्तीर्ण गरेकी छन् । गाउँपालिका अध्यक्ष महतोले अब पालिकाभित्रका अन्य छोरीहरूले पनि यसैगरी कक्षा १२ उतीर्ण गरी २० वर्ष पुगेपछि मात्रै विवाह गरे गाउँपालिकाले विवाह कार्यक्रममै गएर ५० हजार रुपियाँ प्रदान गर्ने बताएका छन् ।

बालविवाह अन्त्य र छोरीहरूको उच्च शिक्षामा पहुँच बढाउने उद्देश्यले पद बहाली गर्दा नै यो कार्यक्रम लागु गर्ने पहिलो निर्णय गरेको गाउँपालिका अध्यक्ष महतोले बताए। गाउँपालिका अध्यक्ष महतोले भने,'मधेशमा बालविवाहको दर धैरै छ, हाम्रै गाउँपालिकाभित्र पनि ६५ प्रतिशत बालविवाह हुने गरेको देखिएको छ। बालविवाहको अन्त्य गर्न र छोरीहरूको उच्च शिक्षामा पहुँच बढाउनका लागि कक्षा १२ पढेर २० वर्ष पुगेपछि मात्रै विवाह गर्ने छोरीहरूलाई विवाह मण्डपमै गएर प्रोत्साहन तथा सम्मान स्वरूप ५० हजार रुपियाँ प्रदान गर्न सुरु गरेका हौं।'

१२ कक्षा उत्तीर्ण भएपछि पनि छोरीले स्नातक तह अध्ययनका लागि भर्ना भएर कागजात पेस गरे गाउँपालिकाले थप ११ हजार रुपियाँ सहयोग गर्ने अध्यक्ष महतोले बताए ।

उनले पहिलो पटक सम्मान गरिएको छोरीको दाइजो बिना नै विवाह भएको देख्दा आफूहरू झनै खुशी भएको बताए छन् । रेणुकुमारीको ईश्वरपुर नगरपालिका-७, पोखरी टोलका २९ वर्षीय जितेन्द्र सिंहसँग दाइजोबिना नै विवाह भएको हो । रेणुकुमारीका बुवा हरदेव कुँमर दनुवारले छोरीलाई दाइजो नदिएर विवाह गरेको जनाइएको छ ।

आफूले यसअघि जेठी छोरीको पनि दाइजो नदिई विवाह गरेको कुँमरले बताए । गाउँपालिकाले छोरीलाई विवाह मण्डपमै आएर सम्मान गर्दै पैसा दिंदा निकै खुशी लागेको कुँमरले बताए। गाउँपालिका अध्यक्षबाट ५० हजार रुपियाँको चेक बुझ्दै रेणुकुमारीले अन्य छोरीहरूलाई पनि आफूले जस्तै उच्च शिक्षा हासिल गर्न र उमेर पुगेपछि मात्रै विवाह गर्न सुझाव दिए ।

# वर्गीकरण नहुँदा कृषकलाई समस्या

**टुडे समाचारदाता**

वीरगञ्ज । स्थानीय तहले हालसम्म भूउपयोग क्षेत्र वर्गीकरणको काम नसकिँदा कृषकहरु समस्यामा अल्झेका छन् ।

भूउपयोग क्षेत्र वर्गीकरण अन्तर्गत यही मंसिर २३ गतेसम्म प्रत्येक पालिकाले आफ्नो क्षेत्रभित्र पर्ने सम्पूर्ण जग्गालाई गैर कृषि क्षेत्र र कृषि क्षेत्रमा वर्गीकरण गर्नुपर्ने निर्देशन दिएको थियो,तर पर्साका अधिकांश पालिकाले यस कार्यप्रति जिम्मेवार देखिएका छैनन् ।

जिल्लाको सखुवा प्रसौनी गाउँपालिका र पकहा मैनपुर गाउँपालिकाले भूउपयोग क्षेत्र वर्गीकरणको निर्णय गरेको छ। भूउपयोग क्षेत्र निर्धारण सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गत साउन ३१ गते विज्ञप्ति जारी गर्दै प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रको जग्गालाई २०७९/८/२३ गतेभित्र कम्तीमा कृषि क्षेत्र र गैरकृषि क्षेत्र छुट्याउनुपर्ने व्यवस्थापन गर्न निर्देशन दिइएको थियो। त्यो निर्देशन अनुसार पर्साका अधिकांश स्थानीय तहले भूउपयोग क्षेत्र वर्गीकरण नगर्दा कित्ताकाटको समस्या समाधान नहुने भएको छ।

नापी विभागले यस कार्यका लागि आवश्यक दक्ष प्राविधिक जनशक्तिको व्यवस्था गरिसकेको भन्दै विभागसँग आवश्यक सहकार्य र समन्वय गरी भूउपयोग क्षेत्र छुट्याउने कार्य गर्न गराउन सम्बन्धित सबै पालिकालाई अनुरोध गरे पनि पालिकामा आवश्यक जनशक्ति अभावमा यो कार्य पूरा हुन सकेको छैन।

कृषियोग्य जग्गाको संरक्षण, खण्डीकरण नियन्त्रण, चक्लाबन्दी कार्यक्रममार्फत कृषि उत्पादनमा वृद्धि खाद्यसुरक्षाको प्रत्याभूति, दिगो पूर्वाधार विकास, व्यवस्थित सहरीकरण र सुरक्षित आवास, प्राकृतिक स्रोतसाधनको समुचित व्यवस्थापन, विपद् जोखिम न्यूनीकरणलगायत उद्देश्य राखी नेपाल सरकारले भूउपयोग नीति २०७२ जारी गरेको थियो।

सो नीति कार्यान्वयनका लागि संसद्बाट भूउपयोग ऐन २०७६ र सरकारबाट भूउपयोग नियमावली २०७९ लागु भइसकेको छ । उक्त नीति, ऐन तथा नियममा स्थानीय तहलाई भूमिको वर्गीकरण, भूउपयोग योजना तर्जुमा र कार्यान्वयन गर्ने अधिकार तोकिएको छ । नियमावलीको अनुसूची १ मा भूउपयोग क्षेत्र निर्धारण गर्ने आधार र मापदण्डको व्यवस्थासमेत गरिएको छ।

यी नीति र कानून कार्यान्वयनमा तत्काल सहजीकरण गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७९/०२/२७ गते परिपत्र जारी गरी कित्ताकाट रोकिएको थियो । स्थानीय तहले प्रचलित नीति, ऐन तथा नियमावली र मन्त्रालयबाट जारी परिपत्रको भावना तथा मर्म आत्मसात् हुनेगरी तत्कालका लागि स्थानीय भूउपयोग परिषद्बाट निर्णय गरी भूउपयोग क्षेत्र मंसिर २३ गतेभित्र कम्तीमा कृषि क्षेत्र र गैरकृषि क्षेत्र छुट्याउन भनिएको थियो।

नापी विभागले सात सय ५३ वटै स्थानीय तहको भूउपयोग नक्सा, सोको विद्युतीय अभिलेख वा तथ्यांक तयार गरी सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरिसकेको छ। स्थानीय तहद्वारा सो नक्सा तथा डाटाको प्रयोग गरी वा सो नक्सालाई अद्यावधिक गरी भूउपयोग क्षेत्र छुट्याउन सकिने छ।

# सेवाग्राहीलाई प्रभावकारी सेवा प्रदान

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको जिल्ला प्रादेशिक अस्पताल भएसँगै सेवाग्राहीलाई प्रभावकारी सेवा प्रदान गर्न थालेको छ।

विगत एक दशकदेखि दक्ष जनशक्ति, औजार उपकरणको कमी, विशेषज्ञ चिकित्सकको अभाव र अन्य स्रोतसाधनको अभावमा सामान्य बिरामीलाई समेत अन्यत्र सिफारिस गर्दै आएको जलेश्वर अस्पतालले अहिले सेवाग्राहीलाई प्रभावकारी सेवा प्रदान गर्न थालेको हो ।




एउटा बिरामीका लागि चाहिने प्रत्येक क्षेत्रका डाक्टर, विभिन्न किसिमका जाँचको सुविधा र अधिकांश औषधिसमेत अहिले अस्पतालमा नै पाउन थालेपछि उपचारका लागि जलेश्वर अस्पतालमा पुगेका सेवाग्राही खुशी देखिएका छन् ।

काठमाण्डुको वीर अस्पतालसँगै एकैदिन राणाकालमा जिल्ला अस्पतालका रुपमा स्थापना गरिएको यस प्रादेशिक जलेश्वर अस्पतालका भौतिक संरचना फेरिएका छन् । यस अस्पतालमा ठूलो तीनतले भवन बनाइएको छ। यहाँ विभिन्न अत्याधुनिक उपकरण छन् । बिरामीको चापअनुसार विशेषज्ञ चिकित्सक नहुँदा स्वास्थ्य सेवा लिन समस्या भइरहेका बेला प्रदेश सरकारले करिब दुई महिना पहिले करारमा दक्ष जनशक्ति भर्ना गरेपछि कुनै पनि बिरामीलाई अन्य अस्पताल सिफारिस गर्ने बाध्यता हटेको अस्पतालका प्रमुख डा सतिश साहले बताए।

जिल्लाको सात लाख जनसंख्यालाई विभिन्न स्वास्थ्य सेवा दिंदै आइरहेको महोत्तरीकै सबैभन्दा पुरानो अस्पतालप्रति यहाँका बासिन्दामा आशा भरोसा जागेको छ। मधेश-प्रदेश सरकारले यस अस्पतालमा चिकित्सक अभाव रहेका बेला ३५ जना दक्ष जनशक्ति भर्ना गरेपछि अहिले अस्पतालमा उपचार गराउन आउनेको संख्या बढ्दै गएको छ।

यस अस्पतालमा हाडजोर्नी विशेषज्ञ, बालरोग विशेषज्ञ, महिला तथा प्रसूती रोग विशेषज्ञ, जनरल फिजिसियन, जनरल सर्जनलगायत आठ विशेषज्ञ चिकित्सकसहित ३५ जनालाई मधेश प्रदेश सरकारले करारमा भर्ना गरेपछि रेफर अस्पतालका रुपमा परिचित यस अस्पतालको मुहार फेरिएको छ।

त्यस्तै,यस अस्पतालमा ल्याबतर्फ थाइराइड जाँच, लिपिड प्रोफाइल, सोडियम, पोटासियम, एलएल एसपी, आरएसपी, मधुमेह र विभिन्न किसिमका रगतको जाँचका साथै यस अस्पतालमा अक्सिजन प्लान्ट र २४ घण्टे एम्बुलेन्स सेवा विस्तार भएसँगै अब अस्पतालमा सेवाग्राहीले सबै सेवा प्राप्त गर्न थालेका छन् । सेवाग्राहीले अस्पतालकै ल्याबमा सबै परीक्षण पाउन थालेपछि बाहिर चर्को मूल्य तिरेर जाँच गराउनुपर्ने बाध्यतासमेत हटेको छ।

यसरी अस्पतालमा पर्याप्त भौतिक संरचना, विशेषज्ञ डाक्टर तथा दक्ष चिकित्सक र सुविधा सम्पन्न ल्याब भएपछि अस्पतालमै सबै प्रकारको जाँच गराउन तथा विभिन्न रोगको उपचार गराउन आउने रोगीको संख्या पनि वृद्धि भएको र अब यो अस्पतालको सेवासुविधामा कुनै कमी नहुने अस्पताल प्रशासनले जनाएको छ।

# अपाङ्ग संघको अध्यक्षमा चौधरी

**टुडे समाचारदाता**

राजविराज । अपाङ्ग संघ सप्तरीको अध्यक्ष वीरेन्द्र चौधरी चयन भएका छन् । यसअघि संघको तदर्थ समितिका अध्यक्ष रहेका चौधरीलाई शनिवार सम्पन्न प्रथम साधारणसभाले निर्विरोध अध्यक्षमा चयन गरेका छन् ।




नयाँ नेतृत्व चयनका लागि निर्वाचन प्रक्रिया सुरु गरिए पनि चौधरी बाहेक अन्य कसैले मनोनयनपत्र दर्ता नगरेपछि उनी निर्विरोध निर्वाचित भएका छन् ।

उनकै नेतृत्वमा १३ सदस्यीय नयाँ कार्य समिति चयन गरिएको छ । संघमा जिल्लाको १८ वटै पालिकाका गरी ५३ जना प्रतिनिधि छन् ।

ती प्रतिनिधिहरु नै मतदाता हुने व्यवस्था छ। ३ वर्षे कार्यकाल रहने निर्वाचित कार्य समितिको उपाध्यक्षमा मो.मिस्टर, सचिवमा रामचन्द्र यादव, सहसचिवमा अशोक यादव र कोषाध्यक्षमा सुभद्रा चौधरी निर्विरोध निर्वाचित भएका छन्।

सदस्यहरुमा सत्यनारायण पासवान, गजेन्द्र दास, मनोज चौधरी, तुलानन्द ठाकुर, लिला साह, राधा पंजियार र मुसनुफा अंसारी चयन भएका छन् ।

साधारणसभाको उद्घाटन गर्दै ई.सुर्यनारायण यादवले जिल्लामा शारीरिक रुपमा अशक्त भइ कष्टकर जीवन बिताइरहेका व्यक्ति र उनका परिवारको हितका लागि संघले विभिन्न कार्ययोजना तयार गरी अघि बढ्नुपर्नेमा जोड दिए ।

नवनिर्वाचित अध्यक्ष चौधरीले जिल्लामा शारीरिक रुपमा अशक्त भइ कष्टकर जीवन बिताउन बाध्य परिवारहरु बारे आफू पूर्ण जानकार रहेको बताए।

उनले त्यस्ता व्यक्ति र परिवारको सहज जीवनयापनका लागि सबै पक्षको रायसुझावलाई ग्रहण गरी नयाँ कार्ययोजनाका साथ अघि बढ्ने प्रतिवद्धता जनाए ।

संघले त्यस्ता व्यक्ति र परिवारका लागि तयार गर्ने वार्षिक योजना तर्जुमाका लागि आफ्नो क्षेत्रबाट राय सुझावसहितको योजना पेश गरी सहयोग गरिदिनसमेत सरोकारवालासँग उनले आग्रह गरे ।

# व्यवस्थापनलाई प्रभावकारी बनाउन सरोकारवाला सक्रिय

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जमा पार्किङको व्यवस्थापनलाई प्रभावकारी बनाउन सरोकारवाला सक्रिय भएका छन् ।

बजार क्षेत्रको पार्किङ समस्या सामाधान गर्ने पहिलो प्राथमिकताका साथ सम्बन्धित निकाय सक्रिय भएका छन् ।

वीरगञ्ज महानगरपालिका, जिल्ला ट्राफिक प्रहरी कार्यालय, वडा प्रहरी कार्यालय विर्ता, सामुदायिक सेवा केन्द्रलगायत विभिन्न संघ संस्थाका प्रतिनिधि ट्राफिक व्यवस्थापनमा लागेका छन्।

व्यवस्थापनका लागि वीरगञ्ज क्षेत्रका विभिन्न स्थानलाई पार्किङस्थलको रुपमा प्रयोग गर्न थालिएको छ।

चार तथा दुई पाङ्ग्रे सवारी पार्किङ गर्न विर्तास्थित मालपोत कार्यालय, हजारी मल ट्रष्ट, पुरानो बसपार्क, गीता मन्दिर छेउ र घण्टाघर नजिकको वीपी उद्यानको खाली जमिनमा व्यवस्था मिलाइएको वडा प्रहरी कार्यालय विर्ताका प्रमुख प्रहरी निरीक्षक विशाल मल्लले बताए।

ती स्थानमा पार्किङ गर्न ठाउँ उपलब्ध गराएपछि त्यहाँको व्यवस्थापन सम्बन्धित निकायले गर्नेछन्।

यसक्रममा विर्तास्थित वीरगञ्ज उद्योग वाणिज्य सङ्घदेखि मकालु चोक, आदर्शनगर माईस्थानसम्म र घण्टाघरदेखि लिङ्क रोडको दुबैतर्फ चार पाङ्ग्रे सवारी साधनको पार्किङ निषेध गरिएको ग्रिनसिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरका अध्यक्ष जयप्रकाश खेतानले जानकारी दिए।

# अन्तरबैंक प्रतियोगिताको उपाधि कृषि विकास बैंकलाई

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाममा तीनदिन देखि चलिरहेको अन्तरबैंक प्रदेश स्तरीयक्रिकेटप्रतियोगिता२०७९ सम्पन्न भएको छ।

शनिबार सम्पन्न फाईनल खेलमा सिभिल बैंकलाई हराउँदै कृषि विकास बैंक विजय भएको हो।



कृषि विकास बैंकले १२ अभरमा ६ विकेट गुमाउँदै ९१ रन बनाएको थियो भने सिभिल बैंकले १२ अभरमा १० विकेट गुमाउँदै जम्मा ७० रन बनाएको थियो।

प्रतियोगितामा सिभिल बैंकका सुनिल कुमार यादवले बेस्ट ब्याटसम्यानको उपाधि पाएका थिए भने कृषि विकास बैंकका निरज कुमार तिवारीले बेस्ट बलरको उपाधि प्राप्त गरेका थिए। त्यस्तै, म्यान अफ द टुर्नामिन्ट सिभिल बैंकका राजन कुमार साह भएका थिए।

नेपाल राष्ट्र बैंक कर्मचारी संघ, जनकपुर समितिद्वारा आयोजित उक्त प्रतियोगितामा कुल १८ वटा बैंकका कर्मचारीको टीम सहभागी भएका थिए।

टुर्नामिन्टको मुख्य प्रायोजक प्रभु बैंक र राष्ट्रिय वाणिज्य बैंक रहेको थियो।

# सिकागो पिज्जा सञ्चालन

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा करिब ८० लाखको लागतमा सिकागो पिज्जाको शुभारम्भ गरिएको छ।

जनकपुरधामको मुजेलीयामा पहिलो पटक जनकपुरधाममा सिकागो पिज्जाको रेस्टुरेन्ट सञ्चालनमा आएको छ।



सो अवसरमा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले जनकपुरधाममा नयाँ प्रकारको व्यवसायलाई सम्बर्धन प्रवर्द्धन गर्नुपर्ने धारणा व्यक्त गरे।

सिकागो पिज्जाका सञ्चालक संजय कुमार रायले आफूहरु अनलाईन सेवा प्रवाह गरेर व्यवसायको प्रबद्धर्न गर्ने बताए।

# किसानद्वारा नगरपालिकामा तालाबन्दी

**टुडे समाचारदाता**

सप्तरी । सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाको कार्यालयमा स्थानीय किसानहरू द्वारा तालाबन्दी एवं विरोध प्रदर्शन गरेका छन्।

नगरपालिकले नगरका कृषकहरुका लागि समयमा मल-खाद उपलब्ध नगराएको र केही मात्रामा गराए पनि मेयर वीरेन्द्र कुमार माझीले आफ्नो जाति तथा शुभचिन्तकहरुलाई मात्र वितरण र कालोबजारी गरेको भन्दै खाद लिन पुगेका आक्रोशित किसानहरूले नगरपालिकाको कार्यालयमा तालाबन्दी गरी सडक जाम गर्दै विरोध प्रदर्शन गरेका छन् ।

कृषि डिलर तथा किसानहरु सँग खाद-मल,बीउ-विजनहरूको खरिद गर्न अग्रिम रकमहरू लिएर मलखाद तथा बीउविजनहरु खरिद गरी ल्याइएको नगरपालिकाका मेयर तथा केही वडा अध्यक्ष एवं कर्मचारीहरुको मिलेमतोमा कालोबजारी गरिएको र बाँकी रहेको मलखाद आ-आफ्ना शुभचिन्तकहरुलाई मात्र वितरण गरी अन्य किसानका लागि चोरेर राखिएको गोदाममा ताल्चा लगाएको सो अवस्था हेरेर स्थानीय कृषकहरुले नगरपालिकाको कार्यालयमा तालाबन्दी गरेको वडा नम्बर १२, हनुमाननगरका वडाध्यक्ष शिवचन्द्र मुखियाले बताए।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८